"सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष"

# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ८ । अंक ३१ । २०७७ भाद्र ३१ । विशेषांक

# कर्मचारी सञ्चय कोष ५९ औं वर्षमा प्रवेश


## प्रधानमन्त्रीद्वारा शुभकामना व्यक्त



"कोषले निर्वाह गरिरहेको प्रशंसनीय भूमिकालाई दृष्टिगत गर्दै नेपाल सरकारले योगदानमा आधारित निवृत्तभरण कोषको व्यवस्थापन गर्ने थप जिम्मेवारी कर्मचारी सञ्चय कोषलाई प्रदान गरेको हो । "

• **प्रधानमन्त्री के.पी. शर्मा ओली**

कर्मचारी सञ्चय कोष स्थापनाको ५९ औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव प्रतिवद्ध रहने संकल्प सहित कोषका सेवा र सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौ ।






"कोष गुणस्तरीय सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाउँदै वित्तीय स्रोतको कुशलतापूर्वक परिचालन गर्दै अघि बढेको छ ।"

• **अध्यक्ष रामशरण पुडासैनी**



"सरकारी एवं सार्वजनिक क्षेत्रको निवृत्तभरण, सञ्चय कोष लगायत सबै प्रकारको सामाजिक सुरक्षाको प्रभावकारी व्यवस्थापन गर्नु कोषको अबको जिम्मेवारी ।"

• **प्रशासक तुलसी प्रसाद गौतम**

## गुणस्तरीय सेवा प्रवाहको लागि सक्रिय शाखा कार्यालयहरु

देशका सातै प्रदेशमा रहेका कोषका कार्यालयहरु सञ्चयकर्ता सेवालाई थप गुणस्तरीय, व्यवस्थित र प्रभावकारी बनाउन अग्रसर छन् ।



# सम्पादकीय

कोष ५८ वर्ष पुगी ५९ वर्षमा पाइला टेकेको छ। सञ्चयकर्ताको वृहत्तर हित र सन्तुष्टिलाई प्राथमिकतामा राखेर अघि बढिरहेको कोषले देशको सामाजिक सुरक्षाको क्षेत्रमा ठुलो टेवा पुऱ्याइरहेको कुरा जगजाहेर नै छ ।

सञ्चयकर्ताको आवश्यकतालाई दृष्टिगत गरी कोषले विभिन्न सेवा सुविधा प्रदान गरेको छ। सेवाकालीन आवश्यकतालाई पूरा गर्नको लागि विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी एवं सरल चक्र कर्जा जस्ता सुविधा प्रदान गरेको छ। त्यसैगरि सामाजिक सुरक्षाका विभिन्न योजनाहरु ल्याएर सञ्चयकर्तालाई राहत महसुस गर्न सक्ने वातावरण सृजना गरेको छ। सुत्केरी स्याहार सुविधा, सञ्चयकर्ता स्वास्थ्योपचार योजना, दुर्घटना क्षतिपूर्ति योजना , काजक्रिया खर्च जस्ता सामाजिक सुरक्षाका सेवा प्रदान गरिरहेको कोषले आफ्ना कार्यक्रममा सामायिक सुधार गरी हाल कोभिड-१९ लाई पनि कडा रोगको सूचीमा राखी सोहि अनुसारको खर्चको व्यवस्था गरेको छ। त्यसैगरी कोभिड-१९ को कारण कथमकदाचित् कुनै सञ्चयकर्ताको मृत्यु हुन गएमा त्यसलाई दुर्घटना मानी निजको हकवालालाई क्षतिपूर्ति वापत २ लाख दिने निर्णय समेत गरेको छ। यसरी कोषले देश काल परिस्थिति अनुसार शीघ्र यथोचित निर्णय गरी सेवा सुविधामा परिमार्जन र विस्तार गर्न कुनै कसर बाँकी राखेको छैन् । कोषलाई सामाजिक सुरक्षाको क्षेत्रमा अब्बल गराउनका लागि कोषको यी र यस्तै कदमले अहम् भूमिका खेलेका छ।

कोषले सेवा प्रवाहलाई सरल, सहज र सुलभ गराउनका खातिर आफुमा निरन्तर सुधार गर्दै आइरहेको छ। सूचना प्रविधिमा अब्बल नभई अहिलेको सञ्चयकर्ताको अपेक्षा पूरा गर्न असमर्थ भैइने कुरालाई मध्यनजर गर्दै प्रविधिमा व्यापक सुधार ल्याइएको छ। अहिलेको अप्ठेरो परिस्थितिमा सञ्चयकर्ताले आफ्ना घर वा कार्यालयबाट सापटी माग गर्न र सापटी तिर्न सक्ने व्यवस्था गरिएको छ। प्रायः सबै प्रकारका कारोबारको रकम सिधै बैंक खातामा जाने व्यवस्था गरिएको छ। यसो भएबाट कारोबारमा थप सुरक्षाको प्रत्याभूति गर्न सकिने भएको छ।

कोष सञ्चयकर्तालाई अधिकतम लाभ पुऱ्याउनका लागि कृतसंकल्पका साथ लागि परिरहेको छ। यो प्रतिस्पर्धात्मक युगमा कोषले अझ नविनतम् प्रविधिको प्रयोग र थप आकर्षक कार्यक्रमहरु अगाडि ल्याउनु पर्ने हुन्छ। सो को लागि पर्याप्त अध्ययनको पनि आवश्यकता पर्दछ। सञ्चयकर्ताको आँखामा आफुलाई सधै उत्कृष्ट संस्था सावित गर्नुपर्ने चुनौति कोषको सामु रहेको छ। कोष त्यसका लागि दिलोज्यान दिएर अहोरात्र खट्नु पर्ने आवश्यकता पनि रहेको छ।

अन्यमा, यसरी कोषको करिब ६ दशक लामो यात्राका क्रममा हरदम साथ, सहयोग र समर्थन प्रदान गर्ने नेपाल सरकार, समस्त सञ्चयकर्ता वर्ग र शुभचिन्तकहरुलाई हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछौ।

# सामाजिक सुरक्षाको क्षेत्रमा कोषले निर्वाह गरेको भूमिका प्रशंसनीय: प्रधानमन्त्री ओली



सम्माननीय प्रधानमन्त्री तथा अर्थमन्त्री के. पी. शर्मा ओलीले कर्मचारी सञ्चय कोषको ५९ औं वर्षमा प्रवेश गरेको अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा कोष परिवारलाई बधाई तथा कोषको प्रगतिको लागि शुभकामना सन्देश दिनु भयो ।

अन्ठाउन्न बर्ष लामो यात्रा पुरा गरिसकेको कोषले करिव ६ लाख २८ हजार सञ्चयकर्ताको झण्डै ४ खर्व रूपैयाँ बराबरको अनिवार्य वचत परिचालन गरी मुलुकको सबै भन्दा ठूलो वित्तीय संस्था र जेठो सामाजिक सुरक्षा संस्थाको स्थान बनाउन सफल भएको जान्न पाउदा खुसी लागेको कुरा उल्लेख गर्दै वित्तीय व्यवस्थापन र सामाजिक सुरक्षाको क्षेत्रमा यस संस्थाले हासिल गरेको अनुभव र अवलम्वन गरेको अभ्यास सामाजिक सुरक्षा कोष लगायत सामान प्रकृतिका अन्य निकायहरूको लागि अनुकरणीय हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।

सञ्चयकर्ताको योगदान रकमको कुशल व्यवस्थापन गरी सञ्चयकर्तालाई राम्रो प्रतिफल सहित बृद्धावस्थाको आर्थिक सुरक्षा प्रदान गर्ने तथा नियमित वचतको रूपमा जम्मा भएको लगानी योग्य पुँजीलाई उत्पादन बृद्धि, रोजगारी सृजना तथा पूर्वाधार विकासका क्षेत्रमा परिचालन गरी मुलकको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको कुरा उहाँले बताउनु भयो ।

कर्मचारी सञ्चय कोष सामाजिक सुरक्षा प्रणालीको एक महत्वपूर्ण अङ्ग भएको बताउदै उहाँले भन्नुभयो, "यसै अवधारणाबाट हाम्रा अग्रजहरूले यस संस्थाको परिकल्पना र विकास गरेका हुन । तदनुरूप, सामाजिक सुरक्षाको क्षेत्रमा यस कोषले निर्वाह गरेको भूमिका निश्चय नै प्रशंसनीय छ ।" कोषको यस्तै योगदानका कारण नेपाल सरकारले योगदानमा आधारित निवृत्तभरण कोषको व्यवस्थापन गर्ने थप जिम्मेवारी पनि कर्मचारी सञ्चय कोषलाई प्रदान गरेको कुरा बताउनु भयो ।

"नेपाल सरकारले प्रदान गरेको यो थप जिम्मेवारीलाई अझ दक्षतापूर्वक पुरा गरी नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम सामाजिक सुरक्षाको प्रवर्द्धन, आन्तरिक पूँजी निर्माण तथा परिचालन एवम् आर्थिक विकासका क्षेत्रमा यस कोषको भूमिका अझ अव्वल हुनेछ भन्ने मैले विश्वास लिएको छु ।" प्रधानमन्त्रीले उल्लेख गर्नुभयो । यसका लागि नेपाल सरकारको तर्फबाट गर्नु पर्ने सहयोग, समन्वय र सहजिकरणका लागि सरकार सदैव तत्पर रहेको विश्वास दिलाउनु भएको छ ।

# कोषको भर्चुअल वार्षिकोत्सव

कर्मचारी सञ्चय कोषको ५९ औं वार्षिकोत्सव भर्चुअल माध्यमबाट सञ्चालन हुने भएको छ । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना (कोभिड -१९) संक्रमणका कारण सृजित प्रतिकूल परिस्थीतिमा विद्युतीय प्रविधिको उपयोग गर्दै भर्चुअल माध्यमबाट वार्षिकोत्सव कार्यक्रम गर्न लागिएको हो ।

कार्यक्रम कोषको केन्द्रीय कार्यालय पुल्चोक, ललितपुरबाट सञ्चालन हुने छ । कार्यक्रममा कोष सञ्चालक समितिका अध्यक्ष तथा अर्थमन्त्रालयका सचिव रामशरण पुडासैनी, सञ्चालक प्रा.डा. जीवन कुमार भट्टराई, सञ्चालक तथा अर्थमन्त्रालयका सहसचिब झक्क प्रसाद आचार्य, नेपाली सेनाका महासेनानी तथा सञ्चालक दीपक कुमार अधिकारी, राष्ट्रिय वाणिज्य बैंकका महाप्रबन्धक किरण कुमार श्रेष्ठ, कोषका प्रशासक तुलसी प्रसाद गौतम, का.मु.सहप्रशासक जितेन्द्र धिताल, का.मु. सहप्रशासक ओमकृष्ठ श्रेष्ठ लगायतको उपस्थिती रहने बताइएको छ ।

यसैबीच, कोषको ५९ औ बार्षिकोत्सवको उपलक्ष्यमा भर्चुअल कविता प्रतियोगिता आयोजना गरिएको छ । सो प्रतियोगितामा १४ जना प्रतिस्पर्धीको सहभागिता रहेको थियो ।

प्रतियोगितामा नगेन्द्र पौडेलले प्रथम स्थान हासिल गर्नु भयो । त्यसैगरी विश्वराज भण्डारी द्वितीय र राधा कण्डेलले तृतीय स्थान हासिल गर्नु भयो ।

## कोष गुणस्तरीय सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाउँदै अघि बढेको छ : अध्यक्ष पुडासैनी



कोषका सञ्चालक समितिका अध्यक्ष रामशरण पुडासैनीले कोषमा आबद्ध सम्पूर्ण सञ्चयकर्ता र निवृत्तभरण कोषकट्टी गर्ने योगदानकर्तालाई शुभकामना सन्देश दिदै सञ्चयकर्ताको अपेक्षा पूरा गर्न कोषको तर्फबाट आफ्नो प्रतिवद्वता व्यक्त गर्नु भएको छ ।

उहाँले सञ्चयकर्ताको हितको प्रवर्द्धन गर्दै अवकाश पछिको आर्थिक सुरक्षा प्रदान गर्नु कोषको मूल उद्देश्य भएको बताउनु भयो । "गुणस्तरीय सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाउँदै वित्तीय स्रोतको कुशलतापूर्वक परिचालन गर्न कोष निरन्तर अघि बढिरहेको छ ।" उहाँले भन्नुभयो, कर्मचारीहरूको सञ्चय कोषको कुशल व्यवस्थापन गरी सुदृढ तथा विश्वसनीय संस्थाको रूपमा स्थापित हुन कोष सफल रहेको र सामाजिक सुरक्षा सम्बन्धी नेपाल सरकारको नीतिलाई सवल र परिणाममूखी बनाउन समेत कोषले पहल गरिरहेको छ ।

योगदानमा आधारित निवृत्तभरण योजनाको कार्यान्वयनसँगै कोषको दीर्घकालीन वित्तीय स्रोतमा गुणात्मक वृद्धि भएको जानकारी दिदै प्रविधि र कारोवारको प्रकृतिमा भएको विविधीकरणसँगै आउन सक्ने जोखिमको प्रभावकारी व्यवस्थापन गर्न जरूरी भएको कुरा सन्देशमा उल्लेख गर्नु भएको छ ।

## सेवाग्राहीहरूको सन्तुष्टी अभिवृद्धिमा कोषको जोड : प्रशासक गौतम



कोषको ५९औं वार्षिक उत्सवका अवसरमा प्रशासक तुलसी प्रसाद गौतमले सम्पूर्ण सञ्चयकर्ता तथा कोष परिवारप्रति शुभकामना व्यक्त गर्नु भएको छ । शुभकामना सन्देश दिदै कोषका प्रशासक तुलसी प्रसाद गौतमले वित्तीय स्रोतको कुशल व्यवस्थापन, सञ्चयकर्तालाई यथोचित प्रतिफलको सुनिश्चितता, सेवा प्रवाहमा समयानुकूल सुधार तथा संस्थागत सुशासनको प्रवर्द्धनको माध्यमबाट कोष मुलुकको एक सुदृढ, सफल र विश्वसनीय संस्थाको रूपमा स्थापित भएको कुरा बताउनु भयो ।

उहाँले अलग अलग कानून अन्तर्गत स्थापना भएका कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषको कार्यक्षेत्रमा दोहोरोपना नहुने गरी नीतिगत सुधार गर्दै यी तीनवटा निकायलाई एक अर्काका परिपूरक संस्थाको रूपमा विकास गर्ने नेपाल सरकारको नीति रहेको सन्दर्भ उल्लेख गर्नु भयो । अब सरकारी एवम् सार्वजनिक क्षेत्रको निवृत्तभरण, सञ्चय कोष लगायत सबै प्रकारको सामाजिक सुरक्षाको व्यवस्थापन गर्नु कर्मचारी सञ्चय कोषको गन्तव्य र मार्गचित्र भएको उहाँको कथन थियो ।

कोषलाई सरकारी एवम् सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा प्रदायक संस्थाको रूपमा विकास गर्दै, वित्तीय स्रोतको सुरक्षित, प्रभावकारी, प्रतिफलयूक्त र दक्षतापूर्ण परिचालनका लागि उपयुक्त लगानीका क्षेत्र पहिचान गर्नु पर्ने कुरामा उहाँको जोड छ । लगानी विविधीकरण गर्दै आर्थिक विकास र वित्तीय स्थायित्व कायम गर्न योगदान पुऱ्याउनु पर्ने भन्दै, सञ्चयकर्ता सेवा प्रवाहलाई अझ गुणस्तरीय, प्रभावकारी र प्रविधिमैत्री बनाई सम्पूर्ण सेवाग्राहीहरूको सन्तुष्टी अभिवृद्धि गर्न कोषले कुनै कसर बाँकी राख्न नहुने बताउनु भयो ।

सूचना प्रविधिको उच्चतम उपयोग, असल कार्य संस्कृतिको विकास, कार्य सम्पादनमा सुधार एवम् अन्य निकायहरूसँगको सहकार्यको माध्यमबाट कोषको संस्थागत क्षमता अभिवृद्धि गर्नु पर्ने कुरामा उहाँको जोड छ । कोषको आन्तरिक व्यवस्थापनलाई चुस्त र नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाई वित्तीय कारोबारको विश्वसनीयता तथा गुणस्तरीयता कायम गर्दै सस्थागत सुशासन सुदृढ गर्ने तर्फ कोषका अबका सम्पूर्ण गतिविधिहरु निर्देशित हुने उहाँले विश्वास दिलाउनु भयो ।

# अनलाईन विशेष सापटीको सुरुवात



कोषले अनलाईन मार्फत विशेष सापटी प्रदान गर्ने व्यवस्थाको सुरूवात गरेको छ ।

कोभिड-१९ को कारण गत चैत्र ११ गतेदेखि नेपाल सरकारले लागू गरेको लकडाउनसँगै बन्द रहेका कोषका सेवाहरु मध्ये अनलाईन मार्फत विशेष सापटी सेवा जेष्ठ १३ गतेदेखि सुरुवात गरेको हो । सुरुमा दुईजना सञ्चकर्ताको दार्चुला र ललितपुरस्थित सम्बन्धित बैंक खातामा रकम जम्मा गरी विशेष सापटी वापतको रकम अनलाइनमार्फत प्रदान गरिएको हो ।


लकडाउनका कारण यातायात र हिंडडुलमा भएको असहज अवस्थालाई मध्येनजर गर्दै घर तथा कार्यालयमै बसेर अनलाईन मार्फत विशेष सापटी माग गर्न सकिने छ । सञ्चयकर्ताले हाललाई यस प्रणालीबाट न्यूनतम रू. २० हजार देखि अधिकतम रू. १० लाखसम्म प्राप्त गर्न सक्दछन् ।

लकडाउनका कारण उत्पन्न विषम परिस्थितिलाई मध्येनजर गर्दै सरल, सहज एवं प्रभावकारीरूपमा सेवा उपलब्ध गराउने उद्देश्यअनुरूप अनलाईन विशेष सापटी सेवा सुरू गरिएको हो ।

हाललाई यो सेवा विशेष सापटी लिन योग्यता पुगेका, व्यक्तिगत केवाइसी र अफिस केवाइसी अपडेट गरेका सञ्चयकर्ताले प्राप्त गर्न सक्नेछन् । त्यसका लागि सञ्चयकर्ताले कोषको वेबसाइटमा गई प्राप्त निर्देशन अनुसार अनलाईन फाराम भरी सो सँगै विशेष सापटीको आवेदन फाराम भरी स्क्यान कपी अपलोड गरेर पठाउनुपर्ने हुन्छ । कोषले उक्त आवेदन फारामलाई रूजु गरिसकेपछि सम्बन्धित सञ्चयकर्ताको बैंक खातामा सिधै रकम जम्मा हुने व्यवस्था गरिएको छ ।

सञ्चयकर्ताको सहजता र सुरक्षालाई दृष्टिगत गर्दै सञ्चालन गरिएको अनलाईन सापटीबाट २०७७ असार मसान्तसम्म ७२३ जना सञ्चयकर्ताले ९ करोड ७० लाख ७१ हजार ३ सय २० रूपैयाँ भुक्तानी लिइसकेका छन् ।

## १५,९०३ सञ्चयकर्ताले पाए ब्याजमा छुट



कोषबाट कर्जा लिएका सञ्चयकर्ता कोभिड १९ संक्रमणले प्रभावित १५,९०३ जनाले ब्याजमा छुट पाएका छन् ।

कोषले २०७६ फागुन ३० मा जारी परिपत्र नं. १०५० अनुसार विश्वब्यापी रूपमा फैलिएको कोराना भाईरस (COVID-19) संक्रमणको कारण परेको प्रभावलाई सम्बोधन गर्न सन्दर्भमा सञ्चयकर्तालाई प्रदान गरिएको घर सापटी, घरमर्मत सापटी, शैक्षिक कर्जा र सरलचक्र कर्जामा २०७६ चैत्र देखि २०७७ असार मसान्त सम्मको ब्याज २०७७ असार मसान्त भित्र तिरेमा सो अवधिको ब्याज रकममा १० प्रतिशत छुट दिने निर्णय भए अनुसार १५,९०३ जना सञ्चयकर्तालाई रू. ८ करोड ४३ लाख १६ हजार १७० छुट प्रदान गरेको छ । यस सुविधाबाट लाभान्वित हुनेहरूमा घर सापटी तर्फ १२,३२५ जना, घरमर्मत सापटी तर्फ १०८८ जना, शैक्षिक कर्जा तर्फ ३८५ जना र सरलचक्र कर्जा तर्फ १८९८ रहेका छन् ।


# Connect IPS सँग कोष आबद्ध

कोषले आफ्ना सञ्चयकर्ताले लिएका सबै कर्जा तथा सापटीको साँवा तथा ब्याज ConnectIPS मार्फत गर्न सक्ने व्यवस्थाको सुरूवात गरेको छ ।

कोषको केन्द्रीय कार्यालय पुल्चोकमा साउन १९ गते आयोजित कार्यक्रममा कोषका प्रशासक तुलसी प्रसाद गौतमले उक्त कार्यक्रमको सुरूवात गर्नु भएको हो । सञ्चयकर्ताहरूले आफ्नो खाता रहेको जुनसुकै बैंकहरूबाट ConnectIPS मार्फत विशेष सापटी तथा अन्य कर्जाको साँवा तथा ब्याज रकम जम्मा गर्न सक्नेछन् । कोषले अनलाइन प्रणाली मार्फत सापटी लिन र तिर्न सक्ने व्यवस्था गरेसँगै कोषका सञ्चयकर्ताले प्रविधि मार्फत कारोवार गर्न सक्ने अवस्था सिर्जना भएको छ । यसले विश्वमा फैलिरहेको कोभिड १९ को संक्रमणको महामारीको विषम् परीस्थितिमा समेत कोषको सेवा प्रवाह सहज हुने विश्वास लिइएको छ ।

कोषले सुरू गरेको अनलाइन सापटी फिर्ता भुक्तानी प्रणाली आफु रहेकै स्थानबाट कारोवार गर्न सक्ने व्यवस्था मिलाइएको छ । यसका लागि सञ्चयकर्ताले आफ्नो बैंक खातामा ConnectIPS सुविधा लिएको हुनुपर्ने र कोषको KYC गरेको हुनुपर्दछ । हाललाई ५ हजार रूपैयादेखि १० लाख रूपैयाँसम्म सापटी तिर्न सक्ने गरी कारोवारको सीमा कायम गरिएको छ ।

# मुनाफा रकम वितरण




कोषले मुनाफा रकम वितरण गरेको छ । सञ्चयकर्तालाई आर्थिक वर्ष २०७५/७६ को सुरु सञ्चय कोष मौज्दातको १.१५ प्रतिशत रकम मुनाफाको रूपमा वितरण गरिएको हो । उक्त रकममध्ये ०.७५ प्रतिशत खातामा जम्मा गर्ने र ०.४० प्रतिशत सञ्चयकर्ताको नाममा वेतन कर्णाली सञ्चयकर्ता हाईड्रो पावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ता शेयर लगानी कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ ।

# कोषको ब्याजदरमा परिवर्तन

कोषले आर्थिक वर्ष २०७७/७८ को लागि नयाँ ब्याजदर निर्धारण गरेको छ । कोष संचालक समितिको मिति २०७७ आषाढ ३१ को निर्णय अनुसार सञ्चयकर्तालाई प्रदान गर्ने र लिने ब्याजदर परिवर्तन भएको हो ।

अब सञ्चयकर्तालाई सञ्चय कोष र निवृत्तभरण कोषमा प्रदान गर्ने ब्याज दर साविकको ८.२५ प्रतिशतबाट घटाई ७ प्रतिशत कायम गरिएको छ भने सञ्चयकर्ता सापटीहरूमा साविकको दरमा १.२५ विन्दुले घटाईएको छ ।

जसअनुसार, विशेष सापटीमा ८.२५ प्रतिशत कायम गरिएको छ भने रू. ४० लाख वा सो भन्दा कम प्रवाह भएको घर सापटी, शैक्षिक सापटी र घर मर्मत सापटीमा ८.५० प्रतिशत ब्याज लिइनेछ । साथै ४० लाख रुपैयाभन्दा बढीको घर सापटीमा ८.७५ प्रतिशत कायम भएको छ भने सरल चक्रकर्जामा ९.०० प्रतिशत ब्याज तय गरिएको छ ।

निवृत्तभरण कोषमा चालु आ.व. २०७६/७७ का लागि सञ्चय कोष रकममा प्रदान गरे सरह वार्षिक ८.२५ प्रतिशतका दरले ब्याज गणना गरिने छ ।




## साढे तीन लाख सञ्चयकर्ताको केवाइसी अद्यावधिक

दुई वर्षदेखि कोषले सुरू गरेको केवाइसी अद्यावधिक कार्यमा हालसम्म जम्मा ३ लाख ५६ हजार १८१ जना सञ्चयकर्ता समावेश भएका छन् ।

कोषको मुख्य कार्यालय ठमेल र शाखा कार्यालयहरु एवं सेवाकेन्द्रबाट अद्यावधिक गर्ने कार्य भएकोमा हालसम्म निजामतिबाट ६८,२७१ जना, नेपाली सेनाबाट ५४,७८७, प्रहरीबाट, ७१,७३२, शिक्षाबाट ८२,२६२, संस्थानबाट ७९,१२९ सञ्चयकर्ताले आफ्नो केवाइसी अद्यावधिक गरिसकेका छन् ।

## केवाईसी अनिवार्य




सञ्चयकर्ताले कोषका सबैजसो सेवा सुविधाको उपभोग गर्न अब KYC अनिवार्य गरिएको छ ।

२०७५ साल माघदेखि सुरू गरिएको सञ्चयकर्ताको KYC अद्यावधिक कार्यलाई त्यस यता प्राथमिकताका साथ अघि बढाइएको छ । हाल सम्म ३ लाख ५५ हजार बढी सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरी सकिएको छ । कारोवारमा हुन सक्ने सुरक्षा जाखिमलाई कम गरी विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सहज भएको छ भने सञ्चयकर्तालाई पनि गुणस्तरीय तवरले सेवा प्राप्त भएको छ ।

# कोषको अध्यक्षमा राजस्व सचिव पुडासैनी



नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६ चैत्र ९ को निर्णयानुसार कोष सञ्चालक समितिको अध्यक्षमा अर्थ मन्त्रालयका सचिव (राजस्व) रामशरण पुडासैनी नियुक्त हुनुभएको छ । उहाँले चैत्र १२ गते पद तथा गोपनीयताको सपथ लिनुभयो ।
लामो समय अर्थमन्त्रालयमा बजेट महाशाखा प्रमुखको रूपमा रहनुभएका पुडासैनीले एसियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशकको अनुभव समेत संगाल्नु भएको छ । उहाँ यस अघि २०६८ साउन २६ देखि २०७२ फागुन १२ सम्म कोषको सञ्चालक समितिको सदस्यका रूपमा रहिसक्नु भएको थियो । कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४(२) को खण्ड (क) मा नेपाल सरकारबाट नियुक्त व्यक्ति अध्यक्ष हुने प्रावधान रहेको छ ।

# सञ्चालकमा महासेनानी अधिकारी



नेपाल सरकार (माननीय अर्थमन्त्रीस्तर)को २०७७ असार २९ को निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४(२) को खण्ड (ख) बमोजिम महासेनानी दीपक कुमार अधिकारीलाई नेपाली सेनाको तर्फबाट प्रतिनिधित्व हुने गरी कोषको सञ्चालक समितिको सदस्य पदमा मनोनयन गरिएको छ ।

# लगानीबारे अन्तरक्रिया



कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागको आयोजनामा कोषको शेयर तथा ऋण लगानी रहेका बैंक, वित्तीय संस्था, बीमा कम्पनी र अन्य संस्थाहरूमा कोषको तर्फबाट संस्थागत प्रतिनिधित्व गर्ने संचालक तथा वैकल्पिक संचालकहरूसंग मिति २०७६ पुष १८ र १९ मा पार्क भिलेज रिर्सोट बुढानिलकण्ठ, काठमाण्डौमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा संस्थागत प्रतिनिधित्व गर्ने कोषका अधिकारीहरूले आफूले प्रतिनिधित्व गरेको संस्थाको वर्तमान अवस्था, वित्तीय अवस्था, समस्या एवं चुनौतीका बारेमा प्रस्तुतीकरण गर्नुभयो ।

प्रस्तुतीकरण तथा सो उपर भएको छलफलका आधारमा सञ्चालकहरूले पालना गर्नुपर्ने शर्त तथा आचरण सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने निर्णय गरियो ।

कोषको लगानी रहेका "ख" वर्गका विकास बैंकहरूलाई "क" वर्गका वाणिज्य बैंकमा गाभ्नको लागि प्रयास गर्ने, कम्पनीको साधारण सभा तथा संचालक समितिमा छलफल हुने महत्वपूर्ण एवं दीर्घकालीन असर पर्नसक्ने विषयमा कोषको आधिकारिक धारणा प्रस्तुत गर्ने, कोषको उल्लेख्य शेयर लगानी रहेका सिभिल बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड र नेपाल स्टक एक्सचेन्ज लिमिटेड लगायतका संस्थाहरूको संचालक समितिमा कोषको प्रतिनिधित्वको लागि प्रयास गर्ने तथा लगानीका नयाँ क्षेत्र पहिचान गर्ने तथा पूँजी बजारमा कोषबाट प्रभावकारी भूमिका निर्वाह गर्ने प्रयास गर्ने सम्वन्धमा कार्यक्रममा जोड दिईएको थियो ।

# निलवाराही हाउजिंग परियोजना कर्जा सम्झौता



कोष र कमिटेड इन्टरप्रेनर रियलस्टेट प्रा. लि. बीच निलवाराही हाउजिङ्ग परियोजनाको लागि कर्जा सम्झौता सम्पन्न भएकोछ । सम्झौता पत्रमा कोषका तर्फबाट प्रशासक तुलसी प्रसाद गौतम र कमिटेड इन्टरप्रनेर प्रा. लि. का तर्फबाट प्रबन्धक विजय बहादुर राज भण्डारीले हस्ताक्षर गर्नु भएको थियो । चाँगुनारायण नगरपालिका ९ भक्तपुरमा निर्माण हुने सो परियोजनामा कुल १५० आवास एकाईहरू हुनेछन् । परियोजनाको कुल लागत २ अर्ब १० करोड हुने छ । कर्जा रकम ८० करोड हुने जनाइएको छ । सो परियोजनाको निर्माण अवधि ७ वर्षको हुनेछ ।

# कोरोना राहत कोषमा
# कोषद्वारा ५ करोड सहयोग



कोषले "कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष"मा पाँच करोड रूपैया आर्थिक सहयोग प्रदान गरेको छ ।

कोषले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस रोकथाम तथा संक्रमणलाई नियन्त्रण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयद्वारा स्थापना गरिएको "कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोष"मा पाँच करोड रूपैया आर्थिक सहयोग गरेको हो ।


## कर्मचारीद्वारा २१ लाख

विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सक्रमणको रोकथाम नियन्त्रण तथा उपचारका लागि नेपाल सरकारले खडा गरेको "कोरोना भाइरस सक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष" मा सहयोग स्वरूप कोषमा कार्यरत कर्मचारीहरूको तर्फबाट तह १० र सो भन्दा माथिका १२ जना कर्मचारीहरूको ७ दिन, तह ६ देखि ९ सम्म २२९ जना कर्मचारीहरूको ५ दिन तथा सहायक स्तरका १८७ जना कर्मचारीहरूको ३ दिनको तलब बराबरको हुन आउने कुल रकम २१ लाख ६ हजार ७ सय ८२ रूपैयाँ जम्मा गरिएको छ ।

# सामाजिक उत्तरदायित्व वहन

कोषले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरूलाई रू. ८ लाख १० हजार प्रदान गरेको छ । यसरी लाभान्वित हुने संस्थाहरूमा ई-नोवल नेपाल, मदन भण्डारी स्मृति वाटिका संरक्षण समिति र थापागाँउ विकास समिति रहेका छन् ।

ई-नोवल नेपालका लागि थ्रि डि प्रोसथेटिक ह्याण्ड्स खरिदका लागि १ लाख १० हजार रूपैयाँ प्रदान गरिएको छ । त्यसैगरी मदन भण्डारी स्मृति वाटिका संरक्षण समितिका लागि वाटिकाको संरक्षणको निमित्त अक्षय कोषको दीगो विकासमा सहयोगका लागि रू. पाँच लाख, थापागाँउ विकास समितिका लागि काठमाण्डौं वानेश्वर-१० थापागाँउ पलाञ्चोक भगवतीको मन्दिर जीर्णोद्वारको निमित्त २ लाख रूपैयाँ प्रदान गरिएको छ ।




# सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरणको जिम्मा पनि कोषलाई

योगदानमा आधारित निवृत्तभरण तथा उपदानमा अब सार्वजनिक संगठित संस्था पनि समावेश हुने भएका छन् ।

सरकारी कोषबाट निवृत्तभरण पाउने गरी नियुक्त भएका कर्मचारीले अवकाश पछि पाउने निवृत्तभरण वा उपदान रकमलाई योगदानमा आधारित बनाउने उद्देश्यले निवृत्तभरण कोष ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । २०७६ श्रावण १ पछि नियुक्त कर्मचारीहरूको निवृत्तभरण तथा उपदानलाई योगदानमा आधारित बनाउन संस्थान, बोर्ड, कोष, कम्पनी, समिति लगायतका संगठित संस्थाको कर्मचारीको अवकाश कोष सम्झौता गरी कर्मचारी सञ्चय कोषबाट संञ्चालन गर्ने व्यवस्था मिलाउन नेपाल सरकार (माननीय अर्थमन्त्रीस्तरं) को मिति २०७७ साउन १८ गते निर्णय भएको छ ।

# का.मु. सह प्रशासकमा श्रेष्ठ



कोषको मिति २०७७ भाद्र ७ को निर्णानुसार मुख्य प्रंबन्धक ओम कृष्ण श्रेष्ठलाई .सोही मिति देखि लागु हुने गरी कोषको तह ११ सह प्रशासक (मुख्य अधिकृत) पदमा कायम मुकायम मुकरर गरी कार्य सञ्चालनतर्फको जिम्मेवारी तोकिएको छ ।

# सूचना प्रविधिमा कोषको फड्को

एक वर्षको अवधिमा सुचना प्रविधिमा कोषले ठुलो फड्को मारेको छ । पहिलेदेखि सेवा प्रवाहमा चुस्तताको लागि ध्यान केन्द्रित गरिरहेको कोषलाई विश्वव्यापी महामारी कोभिड-१९ ले निम्त्याएको विषम् परिस्थितिसँग जुध्न र सेवा प्रवाहमा कुनै कमी हुन नदिन प्रविधिको ठूलो सहयोग रहेको छ । अब सञ्चयकर्ता पहिले पहिले जस्तो सापटी माग गर्न कोष कार्यालयसम्म धाउनु पर्दैन । त्यसैगरी आफुले चुक्ता गर्नु पर्ने रकम पनि घर वा आफ्नो कार्यालय मै बसेर तिर्न सक्दछन् ।

कोषले सञ्चयकर्ता सेवा प्रवाहलाई अझ गुणस्तरी, प्रभावकारी र प्रविधिमैत्री बनाई सम्पूर्ण सेवाग्राहीहरूको सन्तुष्टिमा अभिबृद्धि गर्ने र सूचना प्रविधिको अधिकतम उपयोग, असल कार्य संस्कृतिको विकास, कार्य सम्पादनमा सुधार एवं अन्य निकायहरूसँगको सहकार्यको माध्यमबाट कोषको संस्थागत क्षमता अभिवृद्धि गर्ने रणनीति अनुसार लकडाउनका समय र सो भन्दा अगाडि नै सूचना प्रविधिमा आधारित सेवाका लागि देहायको कार्य प्रारम्भ गरेको छः

## DTA प्रणालीबाट भुक्तानी

कोषले सञ्चयकर्ताहरूको सहजताका लागि कोषबाट प्रदान गरिने सापटी, भुक्तानी, सामाजिक सुरक्षा सुविधा लगायत सबै किसिमका भुक्तानीहरूलाई नगद रहित कारोवारको रूपमा सञ्चयकर्ता कै बैंक खातामा जम्मा हुने व्यवस्था (Direct Transfer to Account- DTA) गरिसकेको छ । मिति २०७६ श्रावण ६ गते देखि सञ्चयकर्ता कर्जा विभाग, ठमेलबाट धितोमा आधारित कर्जा प्रवाह प्रारम्भ गरिएको DTA प्रणाली २०७६ फाल्गुण १० गते देखि कोषका सबै शाखा कार्यालयहरू र सेवा केन्द्रबाट सेवा सुचारू भैसकेको यो व्यवस्थाले कोष पूर्णतः नगद रहित कारोवार अभियानमा अग्रसर भई कोभिड १९ भन्दा पूर्व नै पूर्वाधार तयार भै सकेको छ ।

## अनलाईन विशेष सापटी :

कोषले लकडाउनको समयमा सञ्चयकर्ताहरूले सूचना प्रविधिको माध्यमबाट विशेष सापटी लिन सक्ने व्यवस्था कार्यान्वयन गरेको छ । अनलाईन मार्फत ब्यक्तिगत KYC प्राप्त गरेका सञ्चयकर्ताहरूले घर वा कार्यालयमा मै बसी Online माध्यमबाट आफ्नो संचित रकमको ८० प्रतिशत सापटी लिने व्यवस्था २०७७ जेठ ११ गते देखि प्रारम्भ गरेको छ ।




## अनलाईन डिपोजिट प्रणाली

कोष आफ्नो सेवालाई पूर्णरूपमा प्रविधिमैत्री बनाउने क्रममा यही २०७७ श्रावण १९ गते देखि कोषबाट लिएको सबै किसिमका कर्जाहरूको सूचना प्रविधिको माध्यमबाट फिर्ता भुक्तानी गर्न सुरू गरिसकेको छ । कोषले NCHL सँगको सहकार्यमा ConnectIPS मार्फत कोषको ब्यक्तिगत खातामा सीधा रकम जम्मा हुने यो प्रणाली कोषको इतिहासमा एउटा ठूलो फड्को हुने विश्वास लिएको छ । यसले सञ्चयकर्ताहरूले आफुले उपयोग गरेको कर्जा रकमलाई सहज तरिकाले अनुकुल समयमा आफ्नो मोबाइल वा घर कार्यालयको कम्प्युटरको उपयोग गरी फिर्ता भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ ।

कोषका यी नवप्रवर्तनशील कदमले एकातर्फ क्यासलेस प्रणालीलाई बढवा दिन सकेको छ भने अर्कोतर्फ कारोवार छिटो, छरितो, मितव्ययी र सहज रूपमा सुरक्षित तवरबाट हुन गएबाट सञ्चयकर्तालाई ठूलो राहत मिल्न गएको छ ।

# पहिलेदेखि प्रयोगमा आएका सूचना प्रविधिहरू

## KSK Smart Services

सञ्चयकर्तालाई आफ्नो Mobile Phone बाटै सञ्चय कोष विवरण, सापटी सम्बन्धी जानकारी लगायतका विभिन्न सेवाहरू उपलब्ध गराउने उद्देश्यले KSK Smart Services सार्वजनिक गरिएको छ । एण्ड्रोइड प्रयोगकर्ताहरूका लागि मात्र उपलब्ध यो सेवा छिट्टै नै आइओएस प्रयोगकर्ताको लागि समेत उपलब्ध हुनेछ ।

## कोषको ई-सेवा (e-service)

सञ्चयकर्ताले आफ्नो व्यक्तिगत कोष तथा विशेष सापटी, घर एवं शैक्षिक सापटी र सरल चक्र कर्जा हिसाब हेर्न तथा Download गर्न र कार्यालयले फाँटवारी Web posting गर्नको लागि ई-सेवाको प्रयोग गर्न सक्ने छन् ।

## कोषको SMS Service

हाललाई नेपाल टेलिकमको GSM मोवाईल प्रयोगकर्ता सञ्चयकर्ताले ३५७५० मा SMS पठाई आफ्नो सञ्चय कोष रकम, घर सापटी तथा शैक्षिक ऋण आदिको विवरण वुझ्न यो सेवा प्रयोग गर्न सक्ने छन् ।

## टेलिकोष सेवा

जसको लागि नेपाल टेलिकमको साधारण PSTN तथा GSM Mobile Phone मार्फत १६४२ डायल गरी कोषमा संचित हरहिसाव विवरण फोनको receiver बाट सुन्न सकिन्छ ।



# सञ्चयकर्ता स्वास्थ्योपचारको शोधभर्ना कोषबाटै

कोषले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत साविकमा राष्ट्रिय बीमा कम्पनी लिमिटेड मार्फत सञ्चालन गरिएको "सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बीमा योजना" लाई "सञ्चयकर्ता स्वास्थ्योपचार योजना" मा रूपान्तरण गरी स्वास्थ्योपचार खर्चको सोधभर्ना २०७६ मंसिर १ पश्चात कोषबाटै गर्ने व्यवस्था मिलाएको छ ।

योजना अनुसार कोषमा सञ्चय कोष कट्टी जम्मा गरेको ६ महिना पूरा भएका र नियमित रूपमा कोष कट्टी रकम जम्मा गरिरहेका सञ्चयकर्ताहरूले प्राप्त गर्न सक्नेछन् । अस्पताल भर्ना भई साधारण रोगको उपचार गराउने सञ्चयकर्ताले एक आर्थिक वर्षमा अधिकतम रू. १ लाखसम्म र घातक रोगको उपचारमा कुल नोकरी अवधिमा एकै पटक वा पटक पटक गरी भएको अधिकतम रू.१० लाखसम्मको खर्च सोधभर्ना प्राप्त गर्न सक्नेछन् ।

साधारण रोग अन्तर्गतको सुविधा अस्पताल भर्ना भई उपचार गराउँदाको अवधिको उपचार खर्चमात्र कोषबाट सोधभर्ना हुन्छ । त्यसैगरी घातक रोगको उपचारको अधिकतम रू. १० लाखमा नबढ्ने गरी (रोग पहिचानको क्रममा भएको खर्च मध्ये वढीमा रू.१ लाखसम्म, अस्पताल भर्ना भई उपचारको क्रममा भएको खर्च मध्ये वढीमा रू. ७ लाखसम्म र अस्पतालवाट डिस्चार्ज भए पश्चात फलो-अपको क्रममा भएको खर्च मध्ये वढीमा रू. २ लाखसम्म) सोधभर्ना हुने जनाइएको छ ।

साधारण रोगको हकमा एकपटकमा रू. १० हजार भन्दा कम र घातक रोगको हकमा एकपटकमा रू. २५ हजार भन्दा कम खर्चको सोधभर्ना हुदैन ।

अस्पतालवाट डिस्चार्ज भएको मितिले सामान्यतया ६० दिन भित्र कोषमा सोधभर्नाका लागि कोषको ठमेल स्थित निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग वा शाखा कार्यालयमा कोषले तोकेको कागजात सहित निवेदन दिनु पर्ने हुन्छ ।

## स्वास्थ्योपचार योजना सञ्चालन कार्यविधिमा संशोधन

सञ्चयकर्ता स्वास्थ्योपचार योजना सञ्चालन कार्यविधिमा पहिलो संशोधन गरिएको छ । मिति २०७७ साउन २९ को कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको बैठक नम्बर १५७१ ले स्वास्थ्योपचार योजना सञ्चालन कार्यविधि, २०७६ मा पहिलो संशोधनको स्वीकृत गरेको छ । यसले स्वास्थ्योपचार योजना सञ्चालन गर्न थप सहज, सरल, वस्तुनिष्ठ तथा सञ्चयकर्तामैत्री हुने देखिएको छ ।

## कडा रोगको सूचीमा थपिए ४ रोग



कोषले प्रदान गर्ने सञ्चयकर्ता स्वास्थ्यपोचार योजनामा थप ४ रोगलाई कडा रोगमा सुचिकृत गरिएको छ ।
सरकारले तोकेको ९ वटा कडा रोगका साथै कोष सञ्चालक समितिको साउन २९ को निर्णयानुसार चार रोग थपिएका छन् । कोभिड-१९ संक्रमण, प्यारालाइसिस, लङ्स ट्रान्सप्लान्ट र ब्रेन ह्यामरेज थप गरिएका कडा रोग हुन् । कडा रोगको हकमा उपचारमा लाग्ने खर्चको दश लाख सम्म कोषले बेहोर्ने गर्दछ ।

## सामाजिक सुरक्षा कार्यक्रममा १९ करोड ५५ लाख भुक्तानी

कोषले सञ्चयकर्ताका लागि सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले विविध प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमबाट लाभान्वित गराउँदै आएको छ । विगतमा सुत्केरी तथा शिशु स्याहार सुविधा, दुर्घटना क्षतिपूर्ति सुविधा, काजकिरिया खर्च सुविधा र सञ्चयकर्ता औषधोपचार सुविधा योजनाहरूवाट सञ्चयकर्तालाई विभिन्न सुविधा प्रदान गर्दै आएको छ । साथै, सञ्चयकर्ता स्वास्थ्योपचार योजना २०७६ अर्न्तगत सञ्चयकर्तालाई साधारण तथा घातक रोगका लागि रू. १ लाख देखि रू.१० लाख सम्मको उपचार खर्च सोधभर्ना प्रदान गर्दै आएको छ ।

आर्थिक वर्ष २०७६/२०७७ मा कोषले सुत्केरी तथा शिशु स्याहार सुविधा अर्न्तगत रू. १२.७१ करोड, दुर्घटना क्षतिपूर्ति सुविधा अर्न्तगत रू. १.४७ करोड, काजकिरिया खर्च सुविधा अर्न्तगत रू.२.२७ करोड रकम प्रदान गरिएको छ भने सञ्चयकर्ता औषधोपचार सुविधा अर्न्तगत रू.३.१० करोड गरी जम्मा रू. १९.५५ करोड बराबरको रकम सञ्चयकर्ताहरूलाई सुविधा वापत उपलब्ध गराएको छ ।

# वरिष्ठ कार्यकारी मञ्चको बैठक सम्पन्न



कोषको कार्यकारी मञ्चको दुईदिने बैठक २०७६ फागुन ३ गते धुलिखेलमा सम्पन्न भयो । कार्यक्रममा आ.व.२०७६/७७ को अर्ध-वार्षिक कार्य प्रगति समीक्षा गरिएको थियो । समीक्षा बैठकमा कोषका ११ वटा विभागका प्रमुखहरु, ८ वटा शाखा कार्यालयका प्रमुखहरु र एक सेवाकेन्द्रका प्रमुखले आ-आफ्नो वार्षिक कार्यक्रम र बिशेष कार्यक्रमको कार्ययोजना अनुसार २०७६ श्रावण देखि पौष मसान्त सम्मको कार्य प्रगति प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी कार्यक्रमको दोश्रो सत्रमा विभिन्न ५ समूहका कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यक्रमको शुभारम्भ कोषका प्रशासक, सह-प्रशासकद्वय एवं विभागीय प्रमुखहरु, दुईवटा यूनियनका अध्यक्ष तथा प्रतिनिधिहरु लगायत उपस्थित सबै वरिष्ठ प्रवन्धक, शाखा प्रमुखहरु, प्रबन्धक र अधिकृत कर्मचारीहरूको आसन ग्रहणबाट भएको थियो । त्यसपछि योजना, अनुगमन तथा जोखिम व्यबस्थापन विभागका विभागीय प्रमुख राजेन्द्र शाक्यले कार्यक्रमको संक्षिप्त झलकसहित स्वागत मन्तव्य दिनु भएको थियो भने प्रशासक तुलसीप्रसाद गौतमबाट कार्यक्रमको उद्घाटन गर्दै आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको पहिलो सत्रमा कोषका सह-प्रशासक राजेन्द्र काफ्लेबाट मोडरेटर एवं कार्यक्रम सञ्चालकको भूमिका निर्वाह भएको थियो । त्यसैगरी दोश्रो सत्र फागुन ३ गते सम्पन्न भएको थियो । सो सत्रमा प्रशासक तुलसी प्रसाद गौतमको समुपस्थितिमा सह-प्रशासक जितेन्द्र धितालबाट मोडरेटर एवं सत्र सञ्चालकको भूमिका निर्वाह भएको थियो ।

# आ.व. २०७५/७६ मा भएका लगानी व्यवस्थापन सम्बन्धी गतिविधि

(१)साविकको लगानी नीतिमा समसामयिक सुधार गर्दै कर्जा, लगानी तथा असूली नीति, २०७७ कार्यान्वयनमा ल्याईएको छ । यो नीति लगानीको सुरक्षा र जोखिमको न्यूनीकरण, सञ्चयकर्तालाई उपयुक्त प्रतिफल र सामाजिक सुरक्षाको सुनिश्चितता, लगानीको विविधीकरण, राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान, पूँजी बजारको प्रवर्द्धन तथा वित्तीय बजारको स्थिरताको सिद्धान्तबाट निर्देशित रहेको छ ।

(२)कोषको दीर्घकालीन वित्तीय स्रोतलाई आवास, विद्युत विकास तथा पूर्वाधार क्षेत्रका ठूला एवम् वित्तीय रूपले सम्भाव्य परियोजनाहरूको लगानीलाई कोषले उच्च प्राथमिकता दिएको छ । यसका लागि परियोजना विकास गर्ने सार्वजनिक निकाय लगायत, नेपाल सरकारका सम्बन्धित निकाय, प्रदेश सरकार तथा स्थानीय तहहरूसँग सहकार्यको सम्भावनाका विभिन्न मोडलहरूमा छलफल भईरहेको छ । यसैबीच, नेपाल सरकारको "नेपालको पानी जनताको लगानी" अभियान अन्तर्गत समावेश भएको नेपाल विद्युत प्राविधकरणले विकास गर्न लागेको ९९.८ मेगावाट क्षमताको तामाकोशी पाँचौ जलविद्युत आयोजनामा कोषबाट ऋण लगानी गर्ने सन्दर्भमा कोष र प्राविधकरणबीच समझदारी (MOU) गर्ने प्रक्रियामा रहेको छ ।

(३)आवास, विद्युत विकास तथा पूर्वाधार क्षेत्रका आयोजनाहरूमा कोषको लगानी अभिबृद्धि गर्ने नीति अनुरूप आर्थिक वर्ष २०७६/७७ मा चारवटा परियोजनामा बैंकहरूको सहवित्तीयकरण मार्फत र एउटा परियोजनामा कोष एक्लैले कर्जा प्रवाह गर्ने गरी रू. ६ अर्व ६३ करोड कर्जा स्वीकृत गर्ने निर्णय भएको छ । साथै, कोषबाट साविकमा ऋण लगानी भई निर्माणाधीन अवस्थामा रहेका माथिल्लो तामाकोशी, रसुवागढी, साञ्जेन र मध्य भोटेकोशी जलविद्युत आयोजनाहरूको निर्माण सम्पन्न गर्न आवश्यक नपुग वित्तीय स्रोतको व्यवस्थापन गर्ने क्रममा कोषबाट ती आयोजनाहरूलाई थप रू. ८ अर्व ९० करोड दीर्घकालीन कर्जा प्रदान गर्ने निर्णय भएको छ ।



(४)पूँजी बजारका क्षेत्रमा कोषको लगानी अभिबृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७धितोपत्र विनिमय बजार लिमिटेड लगायत ४ वटा कम्पनीको संस्थापक शेयरमा थप लगानी गरिएको छ । यो सँगै कोषबाट शेयर लगानी भएका कम्पनीको संख्या २१ पुगेको छ ।

(५)कोषमा अवलम्वन गरिएको Contribution Management System लाई विस्तार गर्ने क्रममा कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागको कारोवारलाई यस प्रणालीमा आवद्ध गरिएको छ ।

# सत्र सय बढी आवास निर्माणमा कोषको कर्जा सहयोग

आर्थिक वर्ष २०७६/७७ मा आवास निर्माणमा कोषले १७२३ जना सञ्चयकर्तालाई कर्जा स्वरूप ५ अर्ब ५० करोड भन्दा बढी रकम प्रदान गरेको छ ।

सञ्चयकर्ताहरूको सहज जीवन यापनका लागि न्यूनतम आवश्यकताको रूपमा रहेको गाँस-बास कपासको व्यवस्था अन्तर्गत आवासको निर्माणमा सहयोगीको रूपमाकर्मचारी सञ्चय कोषले आफ्ना सञ्चयकर्ताहरूलाई मिति २०५७ साल देखि सहुलियत ब्याज दरमा बढीमा २० वर्ष अवधिको घरसापटी आवास कर्जा उपलब्ध गराउँदै आएको छ । सबै सञ्चयकर्ताहरूको आफ्नो आवश्यकता र आय श्रोत अनुसार आफ्नै वा श्रीमान्/श्रीमतिको स्वामित्वमा रहेको जग्गामा आवास गृह निर्माण गर्न वा घर खरिद गर्न सहयोग पुऱ्याउने उद्देश्यले सञ्चयकर्ताको सामाजिक सुरक्षाको रूपमा सञ्चयकर्ता घर सापटी कार्यक्रम सुरू गरिएको हो । सुरुमा काठमाण्डौं उपत्यकाका नगरपालिका क्षेत्रहरूमा लागु गरिएको कार्यक्रमलाई धेरै भन्दा धेरै सञ्चयकर्ताहरूले यो सुविधा उपयोग गर्न उद्देश्यले हाल कोषका सबै शाखा कार्यालय, सेवा केन्द्र रहेका नगरपालिकाहरू लगायत सो कार्यालयले ओगट्ने क्षेत्रहरूमा यो सुविधा प्रदान गर्न आ.व.२०६६।६७ देखि विराटनगर, बुटवल, हेटौडा र पोखराबाट, आ.व.२०६७।६८ देखि धनगढी आ.व.२०७१।७२ देखि सुर्खेत र कोहलपुर, आ.व.२०७३।७४ देखि धनकुटा र आ.व.२०७५।७६ देखि जनकपुर कार्यालयले सापटी सेवा प्रदान गर्दै आएको छ ।

कोषले मिति २०५७ मसिर देखि सुरू गरिएको यस आवास कर्जा कार्यक्रम अन्तर्गत २०७७ आषाढसम्म काठमाण्डौ उपत्यकाका



शहरहरूमा करीव २८,३०० वटा आवास निर्माण गर्न रू. रू.५६ अर्व २७ करोड सहुलियत कर्जा उपलब्ध गराएकोमा आ.व.२०७६।७७मा काठमाण्डौ उपत्यकामा ८९० वटा र उपत्यका बाहिर ८३३ वटा गरी जम्मा १७२३ वटा आवास निर्माणका लागि रू.५अर्व ५५ करोड कर्जा प्रदान गरेको छ । यसले सञ्चयकर्ताहरूले आफु र आफ्नो परिवारका लागि न्यूनतम आवश्यकताको रूपमा रहेको आवासको निर्माण र सहज बसोवास गर्न सघाउ पुऱ्याएको छ ।

यसै गरी आ.व.२०७६।७७मा कोषले आफ्ना सञ्चयकर्ताहरूको परिवारको शैक्षिक जीवनस्तर उकास्न सहुलियत ब्याज दरमा शैक्षिक कर्जा सुविधा अन्तर्गत ४८ जना सञ्चयकर्ता, घर मर्मत सापटी तर्फ ३१६ जना र सरलचक्र कर्जा तर्फ ७३८ जना सञ्चयकर्ताले कर्जा सुविधा उपयोग गरेको छन् ।

# घरजग्गा व्यवस्थापन कम्पनी स्थापना

कोषले सञ्चय कोष घरजग्गा व्यवस्थापन कम्पनी नामक घरजग्गा सम्बन्धी कारोबार गर्ने सहायक कम्पनी स्थापना गरेको छ । २०७६ साल पौष ३ गते सो कम्पनी दर्ता गरी कम्पनी रजिष्टारको कार्यालयबाट कम्पनी दर्ताको प्रमाण पत्र प्राप्त गरेको हो ।

कम्पनीले कोषमा रकम जम्मा गर्ने सञ्चयकर्तालाई लक्षित गरी घरजग्गा खरिद बिक्री गर्ने, भवनहरु निर्माण गरी भाडामा लगाउने र बिक्री गर्ने, कोषका भवनहरूको बहाल व्यवस्थापन गर्ने लगायतको घरजग्गाको क्षेत्रमा कार्य गर्ने छ ।

कम्पनीले देशमा बढ्दै गईरहेको घरजग्गाको मूल्य र अव्यवस्थित बसोबासलाई ध्यानमा राखी सञ्चयकर्तालाई लक्षित गरी सुव्यवस्थित रूपमा बसोबासको व्यवस्था गर्ने मनशायले मुलुकको उपयुक्त स्थानहरूमा जग्गा खरिद वा लिजमा लिने छ । जग्गामा व्यवस्थित उपयुक्त र सुविधाजनक आवास क्षेत्रको निर्माण गर्ने, भवनहरु निर्माण गरी भवन, घर तथा घरका फ्ल्याटहरु किस्तावन्दिमा वा पूर्ण रूपमा विक्री वितरण गर्ने साथै हाउजिङ्ग कोलोनिको व्यवस्था गरी सञ्चयकर्ताको आवश्यकता बमोजिमका घरघडेरीहरु बिक्री गर्ने वा भाडामा दिने उद्देश्य लिइएको छ ।कम्पनीले सर्वप्रथम कोषको हाल



आफ्ना स्वामित्वमा रहेको सम्पत्तिको उचित व्यवस्थापनको काम गर्ने छ । त्यसका लागि कोषको चितवनमा रहेको ४ बिगाहा १६ कट्ठा, इटहरीको १ बिगाहा ७ कट्ठा, टेकुको १९ रोपनी, सुन्धाराको १० रोपनी, लगनखेलको ६ रोपनी, पोखराको ५ रोपनी र पुल्चोकको ५ रोपनी जग्गालाई प्रयोग गर्ने छ । पछि देशका नयाँ नयाँ ठाउँमा आयोजना विस्तार गरी सञ्चयकर्तालाई घडेरी, घर, कोलोनी र अपार्टमेन्ट सुपथ मुल्यमा विक्री गर्ने योजना छ ।

कम्पनीको अधिकृत पूँजी रू. २ अर्वको हुनेछ । सो पूँजीलाई प्रति शेयर एक सय रुपियाँले दुई करोड थान साधारण शेयरमा विभाजन गरिएको छ । कम्पनीको संस्थापक शेयरधनीको रूपमा कोषले तत्काल रू १ अर्व चुक्ता पूँजी लगानी गर्न कबुल गरेको छ ।

# योगदानमा आधारित निवृत्तभरण योजना

निवृत्तभरण ऐन,२०७५ बमोजिम सरकारी सेवा (**निजामती सेवा, नेपाल सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपाल र नेपाल विशेष सेवा**) मा २०७६ साल श्रावण १ गतेदेखि नियुक्त हुने स्थायी कर्मचारीहरूको लागि योगदानमूलक निवृत्तभरण योजना कार्यान्वयन गर्न नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७६ श्रावण १६ गतेको निर्णयबाट कर्मचारी सञ्चयकोषलाई तोकिएको छ । उक्तयोजनामा आवद्ध हुन सम्वन्धित कर्मचारी तथा कार्यालयबाट देहाय अनुरूपको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ :



१. योजनामा सहभागी हुन सम्वन्धित कर्मचारीको मासिक तलबवाट ६ प्रतिशत कट्टा गरी सम्बन्धित कार्यालयहरूको तर्फबाट शत प्रतिशत रकम थप गरी हुन आउने कुल योगदान रकम कोषको तोकिएको बैंक खातामा जम्मा गर्ने ।

२. कर्मचारीले देहाय अनुरूप KYC अद्यावधिक गर्ने, KYC नम्बर (UCIN) लिने र सो को प्रयोग गर्ने :

- कोषको कार्यालयसंग सिधै सम्पर्क गरी वा सम्बन्धित किताबखानासंगको समन्वयमा कोषको परिचयपत्र नम्बर लिने ।
- परिचयपत्र नम्बर लिएर अनिवार्य रूपमा अनलाइन KYC अद्यावधिक गर्ने र Submission नम्बर लिने ।
- प्राप्त Submission नम्बर लिई कोषको कार्यालयबाट KYC पूर्ण रूपमा अद्यावधिक गर्न सक्ने र KYC नम्बर (UCIN) लिने । तर Submission नम्बर लिएर सम्बन्धित कार्यालय मार्फत KYC नम्बर (UCIN) लिन सकिने यसरी KYC नम्बर (UCIN) लिएमा यथाशिघ्र कोषको कार्यालयमा अनिवार्य रूपमा सम्पर्क गरी KYC अद्यावधिक गर्नुपर्ने ।
- KYC नम्बर (UCIN) अनिवार्य रूपमा योगदान रकम कट्टा गर्ने कार्यालयमा प्रदान गर्ने र कुनै पनि समयमा कार्यालय परिवर्तन भएमा उक्त UCIN नम्बर सरूवा भएको कार्यालयलाई प्रदान गर्ने ।
- योजनामा सहभागी कर्मचारीहरूले नियमित रूपमा व्यक्तिगत खाताको विवरण अनलाईन मार्फत हेर्ने ।

३. सम्बन्धित कार्यालयले कर्मचारीहरूको योगदान रकम र सम्वन्धित विवरण पठाउन अनिवार्य रूपमा संस्थागत KYC अद्यावधिक गरी Office Login लिने ।

४. सम्बन्धित कार्यालयले मासिक योगदान रकम तोकिएको बैंकमा जम्मा गरी Office Login-Web Entry मार्फत विवरण पठाउने र अनलाईन प्रणालीबाट प्राप्त हुने रसिद सुरक्षित रूपमा राख्ने ।

५. सम्बन्धित कार्यालयले मासिक योगदान रकमको विवरण Web Entry मार्फत पठाउँदा KYC नम्बर (UCIN) का आधारमा मात्र पठाउने व्यवस्था गर्ने ।

## सञ्चयकर्ता स्वास्थ्योपचार योजना

**क) सञ्चयकर्ता स्वास्थ्योपचार योजनाका विशेषताहरु :**

- मिति २०७६ मार्ग १ देखि लागु भएको,
- सञ्चयकर्ताको उपचार खर्च मध्ये साधारण रोग तर्फ प्रत्येक आर्थिक वर्षमा रू. १ लाख सम्म र घातक रोग तर्फ तमाम सेवा अवधिमा रू.१० लाख सम्मको उपचार खर्चको सोधभर्ना गरिने,
- उपचार खर्चको सोधभर्ना सुविधा लिन सञ्चयकर्ता अस्पताल भर्ना भई उपचार गराएको हुनुपर्ने,
- अस्पताल भर्ना भई उपचार गराएको अवधिको उपचार खर्च मात्र सोधभर्ना गरिने,
- कोषमा कम्तिमा ६ महिनादेखि नियमित रुपमा सञ्चय कोषकट्टी र कम जम्मा गरिरहेको वा सेवा अवधि तथा उमेर हदका कारण अवकास मितिले ६ बर्षसम्म कोषबाट रकम भूक्तानी नलिएका सञ्चयकर्ता हुनुपर्ने,
- नेपाल सरकारबाट सञ्चालन अनुमति प्राप्त गरी नेपाल राज्य भित्र सञ्चालित अस्पताल, नर्सिङ्ग होम, स्वास्थ्य केन्द्रमा उपचार गरेको खर्चको मात्र दावी गर्न पाईने,
- नेपालमा उपचार हुन नसक्ने भएका कारण सम्बन्धित चिकित्सकको सिफारिसमा विदेशी अस्पतालमा उपचार गराईएमा पनि खर्च दावी गर्न पाईने,
- योजनाबाट सुविधा लिन सञ्चयकर्तालाई कुनै प्रकारको आर्थिक दायित्व नपर्ने,

**ख) सुविधा दावी गर्ने प्रक्रिया :**

- सञ्चयकर्ता वा हकवालाले अस्पतालबाट डिस्चार्ज भएको मितिले ६० दिन भित्र देहायका आवश्यक सम्पूर्ण कागजपत्र सहित कोषका कार्यालयहरूमा निवेदन दिएको हुनुपर्ने,

**ग) योजना अर्न्तगत सोधभर्ना दावीका लागि सञ्चयकर्ताले पेश गर्नुपर्ने कागजातहरु :**

(१) अनुसूची १ वमोजिमको ढाँचामा सञ्चयकर्ताको निवेदन,
(२) अनुसूची २ वमोजिमको ढाँचामा दावी फाराम (अस्पतालको सम्बन्धित चिकित्सकको दस्तखत र नेपाल मेडिकल काउन्सिलको NMC दर्ता नम्वर सहित),
(३) Discharge Slip र Prescription को सक्कल प्रति,
(४) औषधि खरिद गरेको तथा अस्पतालको खर्चका सक्कल बिलहरू,
(५) Prescription बमोजिमका रोग परिक्षण, Pathology र चिकित्सकको सिफारिस बमोजिमको रोग निदान (Diagnosis) का सक्कल रिपोर्टहरू,
(६) अवकाश भएका सञ्चयकर्ताको हकमा अवकासको पत्र,
(७) मृत्यु भएका सञ्चयकर्ताको हकमा मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित कागजात वा सम्वन्धित अन्य कागजात,

(८) सञ्चयकोष परिचय पत्र, नागरिकता वा परिचय खुल्ने फोटो सहितको परिचयपत्रको प्रतिलिपी,
(९) दुर्घटना भई उपचार गराएकोमा दुर्घटना प्रतिवेदन वा मिलापत्र ।

**घ) सञ्चयकर्ताले पेश गर्नु पर्ने विलहरु :**

(१) औषधि खरिद गरेको तथा अस्पतालको खर्चका बिलहरूको सक्कल प्रति हुनुपर्ने,
(२) विलहरू चिकित्सकको Prescription र Discharge Slip अनुरूपको विरामीको नाममा खरिद गरिएको हुनुपर्ने,
(३) औषधि खरिदको बिलहरूमा औषधि विक्रेताको नाम, स्थाई लेखा न., विक्रेताको स्पष्ट दस्तखत र छाप हुनुपर्ने,
(४) सामान्यतया अस्पताल वा फार्मेसिको System बाट जारी गरिएको Printed कर विल हुनुपर्ने,
(५) सोधभर्नाका लागि पेश गरिएको औषधि खरिद वा अन्य विलहरू अस्पताल भर्ना भएको मिति र Discharge भएको मिति भित्रको हुनुपर्ने ।

**ङ) योजनामा सोधभर्ना नहुने खर्चहरु**

(१) अनुसूची ४ मा उल्लेख भएका देहायका रोग तथा अवस्थाहरूमा भएको खर्चहरू,
(२) निवेदन दर्ता गराएको मितिले २ महिना नाघेपछि पेश गरेका कागजात अनुरूपको खर्चहरू,
(३) सम्वन्धित रोजगारदाता वा अस्पतालले उपचारमा दिएको सुविधा वा छुट रकमहरू,
(४) विरामीको नाम उल्लेख नभएका वा विवरण सञ्चाएका वा दस्तखत तथा छाप नलगाएका वा स्थाई लेखा नम्वर नभएका औषधि पसलहरूवाट खरिद गरिएका औषधिका विल अनुरूपका खर्चहरू,
(५) प्रतिलिपि विल (Copy of original or Re-print) अनुरूपको खर्चहरू,
(६) अस्पताल भर्ना हुनु अघि र Discharge पश्चातका मितिमा जारी गरिएका विल अनुरूपको खर्चहरू,
(७) सम्वन्धित अस्पताल वा चिकित्सकको सिफारिस विना आफुखुशी खरिद गरिएका औषधि तथा अन्य उपचार खर्चहरू,
(८) Emergency मा मात्र उपचार गराई सोही दिन घर फर्केको हकमा त्यस्तो उपचारमा भएको खर्चहरू,
(९) चिकित्सकको निजी क्लिनिकमा उपचार गरेको खर्चहरू ।

# निवृत्तभरण योजनामा १४ हजार बढी योगदानकर्ता आबद्ध

सञ्चय कोषले व्यवस्थापन गरिरहेको योगदानमा आधारित निवृत्तभरण कोषमा असार मसान्तसम्म करिव रू. ४७ करोड रकम जम्मा भएको छ ।

कोषले निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल,नेपाल तथा विशेष सेवामा २०७६ साउन १ गते पछि नियुक्त हुने कर्मचारीहरूका लागि योगदानमा आधारित निवृत्तभरण योजना शुरूवात गरेको छ ।

यस योजनालाई व्यवस्थित गर्न निवृत्तभरण कोष ऐन, २०७५, निवृत्तभरण कोष नियमावली, २०७६ र निवृत्तभरण कोष सञ्चालन निर्देशिका, २०७७ कार्यान्वयनमा आएको छ भने सोही ऐन, नियम तथा निर्देशिकामा भएको व्यवस्था अनुरूप योजनाको योगदान रकमको लेखांकन अनलाईन प्रणालीबाट गर्दै आएको छ ।

योजनामा कर्मचारीको तलवबाट ६ प्रतिशत योगदान रकममा सोही अनुपातमा सरकारले थप गरी एकमुष्ट सञ्चयकर्ताको खातामा जम्मा गरिने व्यवस्था रहेकोछ ।

कोषले यस योजना अर्न्तगत २०७७ असार मसान्तसम्मको सम्पूर्ण कारोवारको लेखांकन सम्पन्न गरिसकेको छ । योजनामा करीव ५०० कार्यालयहरूका १४,४२४ योगदानकर्ताको करिव रू. ४७ करोड रकम कोषमा जम्मा भएको छ भने यस अवधिमा कोषले करीव रू. ७८ लाख ब्याज प्रदान गरेको र सो रकमलाई समेत व्यक्तिगत खातामा लेखांकन गरेको छ ।

नेपाल सरकार, अर्थमन्त्रालयको मिति २०७७ साउन १९ को पत्रानुसार कोषले सार्वजनिक निकायहरू अर्थात नेपाल सरकारको स्वामित्व तथा नियन्त्रणमा रहेका वा नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी प्रचलित कानून अनुरूप स्थापना भएका




संस्थान, वोर्ड, कोष, कम्पनी, समिति, विश्वविद्यालय, महाविद्यालय, प्राधिकरण, परिषद, प्रतिष्ठान लगायतका संगठित संस्थाहरूमा कार्यरत कर्मचारीका निमित्त योगदानमा आधारित निवृत्तभरण तथा उपदान योजना सञ्चालनमा ल्याएको छ ।

साथै, निवृत्तभरण ऐन, २०७५ को दफा ३३ को व्यवस्था अनुरुप प्रदेश सरकार र स्थानीय तहका कर्मचारी, शिक्षक तथा पदाधिकारीहरूको लागि योगदानमा आधारित निवृत्तभरण तथा उपदान व्यवस्थापन सम्बन्धी छुट्टै कानून नबनेसम्मका लागि कर्मचारीहरूको नाममा जम्मा हुने रकमको संकलन तथा लेखांकन गर्ने व्यवस्था मिलाएको छ । यसका लागि कोषले सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका,२०७७ कार्यान्वयनमा ल्याएको छ ।

# शाखा कार्यालय सुर्खेत र कोहलपुरको लागि कार्यालय भवन निर्माण हुँदै





कर्णाली प्रदेशको राजधानी सुर्खेतमा कोषको कार्यालय भवन निर्माण सुरू भएको छ ।

बीरेन्द्रनगरस्थित कोषको स्वामित्वको जग्गामा यही श्रावण ३० गते कार्यालय प्रमुख अर्जुन निरौलाबाट भवनको शिलान्यास गरिएको हो । भवन निर्माणको अनुमानित लागत ६ करोड ७२ लाख ३४ हजार रहेको छ ।

यसैगरी, बाँकेको कोहलपुरमा कोषको शाखा कार्यालय भवनको निर्माण सुरू गरिएको छ । कार्यालय प्रमुख कमल अर्यालले यही श्रावण ३० गते भवनको शिलान्यास गर्नु भएको हो । ६ कट्ठा क्षेत्रफलको जग्गामा बन्ने संरचनाहरूको अनुमानित निर्माण लागत ७ करोड ९८ लाख ८१ हजार रहेको छ ।

दुबै स्थानको जग्गामा कार्यालय भवनका साथै आवास तथा अतिथि गृह, गार्ड हाउस, विद्युतीय कोठा, क्यान्टिन, पार्किङ्ग सेड लगायतका संरचनाहरु निर्माण हुनेछन् ।

## जनकपुर र धनगढीमा जग्गा खरिद

कोषको आफ्नै भवन नभएका स्थानहरु जनकपुर, बुटवल र धनगढीमा कार्यालय भवन निर्माण गर्न जग्गा खरिद गर्ने प्रकृया अगाडी बढेको छ ।

२०७७ साल असार २९ गते बसेको मन्त्रिपरिषदको बैठकले कृषि विकास बैकको जग्गा कोषलाई विक्री गर्न स्वीकृती दिएसँगै जनकपुरको ०-८-६-१ कठ्ठा क्षेत्रफल एवं धनगढीको ०-१०-०-० क्षेत्रफलको जग्गा खरिदको लागि कोषले रकम भुक्तान गरेको हो ।

विभागीय प्रमुख भरतराज वस्तीका अनुसार बुटवलको लागि समेत जग्गा खरिदका लागि सोही बैंकसँग अनुरोध गरिएको छ ।

## सुन्धारा भवन हस्तान्तरण

कर्मचारी सञ्चय कोषको सुन्धारास्थित "ब्लक ए" भवन नयाँ भाडावाला दिवा सपना जे.भी. लाई ५ वर्षको लागि हस्तान्तरण गरिएको छ । कोषसँग भएको भाडा सम्झौता अनुसार २०७६ फागुन १ देखि जे.भी.ले भवन व्यवस्थापनको जिम्मा लिएको हो । यससँगै उक्त भवनमा रहेको कोषको 'भवन व्यवस्थापन इकाई'को कार्यालय आफ्नो कार्यादेश पुरा गरी माघ ८ मा फिर्ता भएको छ । २०७५ पौष ११ मा साविकका भाडावालासँगको करार सम्झौता भंग भएपछि भवनको अन्तरिम व्यवस्थापन उक्त इकाई मार्फत हुँदै आएको थियो । यस अवधिमा उक्त भवनबाट ११ करोड २१ लाख रूपैयाँ आम्दानी भएको सहायक प्रबन्धक राजेन्द्र विक्रम केसीले बताउनुभयो ।

## हेटौडा र पोखरा कार्यालय भवनको नक्सा तयार हुँदै



हेटौडा र पोखराको जग्गामा कार्यालय भवन निर्माणको लागि खरिद सम्झौता भएको छ ।

ड्रइङ डिजाइनिङ लागत अनुमान तथा निर्माण कार्यको सुपरिवेक्षण गर्नको लागि परामर्शदातासँग २०७६ आषाढ २ मा खरिद सम्झौता भएको हो । वरिष्ठ प्रबन्धक शान्ता गौतमका अनुसार विभागको वार्षिक कार्यतालिकामा २०७६ चैत्र भित्रै सम्झौता गर्ने कार्यक्रम रहेकोमा लकडाउनका कारण केही ढिलाइ हुन गएको थियो ।

## पोखरा आवास क्षेत्रका भवनहरु विक्री

पोखरा, पार्दीस्थित सञ्चय कोष आवास आयोजना क्षेत्रमा रहेका तीन वटा भवनहरु बिक्री गरिएको छ । कोषको जग्गा तथा भवन खरिद विक्री कार्यविधि, २०७५ अनुरूप सञ्चयकर्ताहरूबीच सिलबन्दी बोलपत्रको माध्यमबाट भवन बिक्री गरी स्वामित्व हस्तान्तरण गरिएको हो ।

कोषले वि.सं. २०५७ मा उक्त आवास क्षेत्रमा ११२ वटा घरहरु निर्माण गरी किस्तावन्दीमा सञ्चयकर्ताहरूलाई उपलब्ध गराएको थियो ।

## शाखा कार्यालय विराटनगर

# प्रभावकारी सेवा प्रवाहमा विशेष जोड

आर्थिक वर्ष २०७६/७७ को अवधिमा कोषको शाखा कार्यालय विराटनगरले कोषको सेवा सुविधाहरूलाई सहज र व्यवस्थित बनाउन विभिन्न कार्यहरू सम्पादन गरेको छ ।



प्रभावकारी सेवा प्रवाह गर्नका लागि सञ्चयकर्ताहरूलाई प्रदान गरिने घर सापटीको दायरा विस्तारका लागि सप्तरी र उदयपुर जिल्लाको सम्भावित नगर तथा गाउँपालिका क्षेत्रहरूको अध्ययन सम्पन्न गरी प्रतिवेदन समेत पेश गरिएको छ ।

'एक सञ्चयकर्ता एक परिचयपत्र नम्बर'को अवधारणालाई प्रभावकारी बनाउन परिचयपत्र नम्बरको महत्व, Digital फाँटवारी तथा Web Posting, KYC Update को औचित्य, NCHL को माध्यमबाट गरिने DTA को प्रकृया, विभिन्न सापटी सुविधा लिनका लागि अवलम्बन गर्नुपर्ने प्रकृया, सामाजिक सुरक्षा अन्तर्गतको सुत्केरी तथा शिशु स्याहार योजनाबाट लाभान्वित हुन अवलम्वन गर्नुपर्ने प्रकृया, दुर्घटना क्षतिपूर्ति, औषधोपचार सुविधा, योगदानमा आधारित पेन्सनको व्यवस्थापनका लागि अवलम्बन गर्नुपने तरिका आदिका बिषयलाई विभिन्न क्षेत्रहरूमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । यस्ता कार्यक्रम गर्ने क्रममा सप्तरी जिल्लाको राजविराज, उदयपुरको गाईघाट, मोरङको लेटाङ्, याङ्शीला, मोरङ जिल्लाको संघ - प्रदेश - एवम् स्थानीय निकाय स्तरमा रहेका कार्यालयको प्रतिनिधित्व रहने गरी विराटनगर र झापाको दमकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

विश्वभर फैलिएको कोभिड १९ को बढ्दो प्रकोपका कारण भएको देशव्यापी लकडाउन पश्चात् सञ्चयकर्ताको हितलाई मध्य नजर गर्दै कोषले प्रवाह गर्ने सेवामा स्वास्थ्य सुरक्षाका उपायहरू अवलम्वन गर्दै सबै प्रकारका सेवा सुचारू गरिएको छ । त्यस अन्तर्गत यस आ. व. मा बिशेष सापटी ९८१९ जनालाई रू.१,२५,५१,७७,३९८/-, कोष भुक्तानी ५,५४९ जनालाई रू. ६६,२८,७९,६९२, काजक्रिया अनुदान ४९ जनालाइ २०,३०,०००/- दुर्घटना क्षतिपूर्ति १० जनालाई २७,२५,०००, कर्मचारी बीमा ६ जनालाई ८,००,०००, कर्मचारी औषधौपचार २० जनालाई रू. १,५४,३५२, सुत्केरी तथा शिशु स्यहार १,८९३ जनालाई रू १,४१,९७,५००, फाँटवारी संकलन रू ३,०६,२४,७७,२३९, विशेष सापटी असुली ३,३८५ जनालाई रू ४४,४६,५५,११३, घर सापटी लगानी ४७५ जनालाई रू ५७,०४,०१,४४२, शैक्षिक सापटी १० जनालाई १,४९,६६,४२३, घर मर्मत १५ जनालाई १,३२,३५,२५२ भुक्तानी गरिएको छ । त्यस्तै खाता एकीकरण १,२४४ जना र परिचय पत्र समर्थन ७,२८६ जना सञ्चयकर्ताको गरिएको छ ।



कोषको नवनिर्मित आवास भवन निर्माणको कार्य लकडाउनको प्रभावले केही समय स्थगन भएता पनि हाल बाँकी रहेको कार्य सुचारू भइरहेको र अगामी असोज मसान्त सम्ममा सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य अनुरूप कार्य सम्पादन भइरहेको छ ।

शाखामा कार्यरत विभिन्न जिम्मेवारी वहन गरिरहेका कर्मचारीहरूको कर्मचारी सन्तुष्टी सर्वेक्षण र शाखा कार्यालयमा सेवा लिन आएका सञ्चयकर्ताहरूको कोषबाट समपादन गरिएका विभिन्न सेवा सुविधा एवं कार्य प्रति सञ्चयकर्ताहरूको अवधारणा बुझ्ने हेतुले सञ्चयकर्ता सन्तुष्टी सर्वेक्षण गर्ने कार्य सम्पन्न गरिएको छ ।

विश्वभर फैलिएको कोभिड १९ को बढ्दो प्रकोपका कारण कुनै पनि क्षेत्र अछुतो नरहेको सन्र्दभमा यस कार्यालयमा कार्यरत कर्मचारी तथा सम्बन्धित सेवाग्राहीलाई महामारीको प्रभावबाट मुक्त पार्ने अभिप्रायले कार्यालय एवं कार्यालय परिसरमा De-infect गर्ने कार्य गर्नुको साथै अग्रभागमा रहेर सेवा प्रवाह गर्ने कर्मचारीहरूको स्वाब संकलन र परीक्षण गराउने कार्य गर्दै आइरहेको छ ।






कोषको कार्यालय परिसर भित्र खाली रहेको जग्गामा वातावरणलाई अनुकुलित बनाई प्रदुषण नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न प्रजातिका ४० वटा वोट विरूवाहरूको वृक्षारोपण गर्ने कार्य सम्पन्न गरियो ।

शाखा कार्यालय हेटौडा

# विविध कार्यक्रम सम्पन्न



## नियमित कार्य संचालन सम्बन्धि जानकारी

कोषको नियमित कार्यहरू मध्ये सञ्चयकर्ता विशेष सापटी अन्तर्गत ७,४१४ जना सञ्चयकर्ताले २७,६६,२५,८५७.१७ रकम भुक्तानी लिनुभएको छ । विशेष सापटी फिर्ता २७८५ जना सञ्चयकर्ताबाट रू. ८,९५,५७,१८९.१७ भएको छ । यस शाखाबाट सेवा निवृत्त ३३०१ जना कर्मचारीहरूले रू. १८,२२,७८,६२९.४७ भुक्तानी लिनु भएको छ । ८ जना सञ्चयकर्ताले शैक्षिक सापटी, १२७ सञ्चयर्ताहरूले घर सापटी र २८ जना सञ्चयकर्ताले घर मर्मत सापटी लिनु भई कूल रू ४४,१९,३९,०००। सापटी प्रवाह गरिएको छ । काजक्रिया अनुदान अन्तर्गत ४८ जना सञ्चयकर्ताको आश्रितले सहयोग रकम रू १९,१०,००० प्राप्त गर्नुभएको छ । सुत्केरी तथा शिशुहेरचाह खर्च वापत १४८८ जना सञ्चयकर्ताहरूले कुल रू ११,१६,०००।प्राप्त गर्नुभएको छ । १ जना सञ्चयकर्ताहरूले दुर्घटना क्षतीपुर्ति वापत रू २,००,०००। प्राप्त गर्नुभएको छ । १०,३०० जना सञ्चयकर्ताहरूले e-service, sms सेवा लिनुभएको छ । ६७०० जना सञ्चयकर्तालाई स्टेटमेन्ट प्रिन्ट प्रदान गरिएको र १००० सञ्चयकर्ताको खाता एकीकरण कार्य गरिएको छ । त्यस्तै ३,०८,५३८ जना सञ्चयकर्ताको data entry गरिएको छ । KYC तर्फ १५,१८० जना सञ्चयकर्ताको विवरण अद्यावधिक गरिएको छ ।

५६०० जना सञ्चयकर्ताको परिचयपत्र समर्थन गरिएको छ ।

### सञ्चयकर्ता कर्जा सापटीका क्षेत्र विस्तार कार्यक्रम :

यस शाखा कार्यालयको क्षेत्र अन्तर्गत पर्ने मकवानपुर र चितवन जिल्लामा घर सापटीको लागि उपयुक्त क्षेत्रको जानकारी लिई प्रतिवेदन समेत तयार भएको छ ।

### अन्तरक्रिया कार्यक्रम :

- मिति २०७६ पौष २३ र २४ गते जुनियर तालिम केन्द्र भरतपुर चितवन मा करिव १२०० जना तालिमरत कर्मचारीहरूलाई प्रशिक्षण दिइयो । कार्यक्रममा त्यँहा कार्यरत र तालिमरत कर्मचारीहरूको Kyc गरिएको थियो ।



- मिति २०७६ पौष २५ गते देखि २६ सम्म सिंहनाथ कमाण्डो शक्तिखोर ब्यारेक चितवनमा करिव ३०० जना तालिमरत कर्मचारीहरूसँग प्रस्तुति तथा प्रशिक्षण कार्य भयो ।

- मिति २०७६ माघ २ गते शाखा कार्यालय हेटौडाको आयोजनामा कोषको विभागहरू सञ्चयकर्ता सेवा विभाग, कोष व्यवस्थापन विभाग र निवृत्तभरण व्यवस्थापन तथा समाजिक सुरक्षा विभागबाट प्रतिनिधि आमन्त्रण गरिएको थियो । चितवन जिल्ला स्थित सम्पुर्ण सरकारी कार्यालयका कार्यालय प्रमुखहरू र लेखा प्रमुखहरूलाई आमन्त्रण गरिएको उक्त कार्याक्रममा प्रमुख अतिथि प्र.जि.अ. श्री नारायण प्रसाद भट्टराई, बिशेष अतिथि प्रमुख कोष नियन्त्रक महेन्द्र प्रसाद पाण्डे र सभापतित्व यस शाखा कार्यालयका कार्यालय प्रमुख सागर कुमार सिंहले गर्नुभएको थियो । कार्यक्रममा बरिष्ठ प्रबन्धक श्री दर्शन भट्टराईद्वारा कोषमा २०७६ श्रावण १ बाट नेपाल सरकारका कर्मचारीको लागि लागु भएको योगदानमा आधारित निवृत्तभरण योजना र योगदान कट्टी विवरण पठाउने तरिकाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो साथै बरिष्ठ प्रबन्धक श्री बिरेन्द्र पौडेलबाट कोषको हालको सेवा प्रवाहसम्बन्धी कार्यपत्र प्रस्तुत गरिएको थियो । हेटौडा शाखाका कार्यालय प्रमुखबाट कार्यक्रममा विभिन्न सहभागीहरूको प्रश्नको समाधान गर्दै कार्यक्रममा आफ्नो शाखाको गतिविधि र सेवा सुविधाको बारेमा जानकारी प्रदान गर्नुभएको थियो ।

- मिति २०७६ फागुन १३ गते मध्य पृतना हेडक्वाटर सुपारेटार हेटौडामा अर्न्तक्रिया तथा KYC अद्यावधिक गरिएको थियो

- २०७६ फाल्गुन २८ र २९ गते ७ नं वाहिनि अड्डा बज्रबाराही, मकवानपुरमा प्रशिक्षण तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा शाखा कार्यालय हेटौडाका कार्यालय प्रमुख सागर कुमार सिंहबाट कार्यक्रम प्रस्तुति तथा प्रशिक्षण कार्य भएको थियो । करिब २०० जना सञ्चयकर्ताहरू सहभागी उक्त कार्यक्रममा वाहिनिपति प्रमुख सेनानी लिला वहादुर खनाल क्षेत्रीले कोषबाट सञ्चयकर्ताहरूको हितमा भएका सापटी सुविधा, सामाजिक सुरक्षण सुविधा लगायतका कुराहरूले सेवाकालीन आवश्यकतामा ठुलो सहयोग पुगेको तथा कोषले लागू गरेको सुचना प्रविधिले गर्दा फाँटवारी पठाउने कार्य सहज भएको बताउनु भयो ।

- २०७७ आषाढ ५ गते को.ले.नि.का मकवानपुरमा अर्न्तक्रिया गरी कोषले हाल लागु गरेको Online सापटी सम्बन्धी जानकारी प्रदान गरिएको र यस सेवालाई प्रभावकारी बनाउन सबैलाई अफिस KYC र व्यक्तिगत KYC गर्न र गराउन अनुरोध पनि गरिएको थियो ।

- मिति २०७७ आषाढ १७ गते शाखा कार्यालय भवन निर्माणको डिजाईन सम्बन्धी छलफल गर्न र माटो परीक्षणको कार्यको लागि भवन तथा आवास व्यवस्थापन विभागबाट बरिष्ठ प्रबन्धक श्री शान्ता गौतम सहितको प्राविधिक टोली र शाखा प्रमुख श्री सागर कुमार सिंह लगायत अन्य सबै कर्मचारीसँग छलफल सम्पन्न भयो ।

- नयाँ भवन निर्माणका लागि माटो परिक्षण कार्य सम्पन्न भएको छ ।

# सञ्चयकर्ता सापटी तथा सामाजिक सुरक्षामा ९० करोड भुक्तानी

- यस शाखाले आर्थिक वर्ष २०७६/७७ मा ३१६३ सञ्चयकर्ताहरूलाई विशेष सापटी वापत रू. ३६,९०,९६,७२५/३० र ९९९ सेवा निवृत्त सञ्चयकर्ताहरूलाई रू. १२,२१,९५,५६८/३५ कोष भुक्तानी गरेको छ । यसै गरी सामाजिक सुरक्षा सुविधा तर्फ सुत्केरी तथा शिशु हेरचाह खर्च वापत ६८८ सञ्चयकर्ताहरूलाई रू. ५१,६०,०००/-, काजक्रिया खर्च वापत, ६ सञ्चयकर्ताहरूलाई रू. २,४०,०००/-, दुर्घटना क्षतिपूर्ति वापत ५ जना सञ्चयकर्ताको हकवालालाई रू. ९,२५,०००/- भुक्तानी गरिएको छ ।

- शाखा कार्यालय सुर्खेतले आर्थिक वर्ष २०७६/७७ मा घर सापटी तर्फ १३८ सञ्चयकर्ताहरूलाई रू. ३४,६३,५७०००/-, शैक्षिक सापटी तर्फ १ सञ्चयकर्तालाई रू १०,०००००/- र घर मर्मत सापटी तर्फ ३० सञ्चयकर्ताहरूलाई रू. ४,९८,४९०००/- लगानी गरेको छ । त्यसै गरी यस शाखाले २३०१ परिचय पत्र समर्थन, १०७४ वेचालु खाता व्यवस्थापन तथा खाता एकीकरण गरेको छ भने १ जिल्लामा घर सापटी क्षेत्र विस्तार कार्य सम्पन्न गरेको छ ।

- सुर्खेत शाखाले आर्थिक वर्ष २०७६/७७ मा फँाटवारी डाटा इन्ट्रिमा १८४.२७ प्रतिशत, KYC अद्यावधिकमा ७० प्रतिशत, विद्युतीय माध्यमबाट प्राप्त फँाटवारी १०४.२९ प्रतिशत र प्राप्त फँाटवारी संकलन भएको ७ दिनमा इन्ट्रिको व्यवस्थामा शतप्रतिशत प्रगति हासिल गरेको छ ।

- नेपाली सेना इन्द्रदल गुल्म दैलेखमा तालिमरत २०० सैनिक कर्मचारी एवं सशस्त्र प्रहरी गण रक्तकाली सुर्खेतका १५० प्रहरी कर्मचारीको Onsite KYC विवरण अद्यावधिक गर्ने कार्य सम्पन्न भयो ।

- उत्तर पश्चिम पृतना हे.क्वा. निमारे ब्यारेकमा आर्थिक सुशासन अभिमुखीकरण तालिममा कोषबारे जानकारी प्रदान गरियो ।





- इन्द्रदल गुल्म दैलेखमा कार्यरत करिव ३५० जना सैनिक अधिकृत तथा पदिकहरूलाई योगदानमूलक निवृत्तभरण योजना, सञ्चयकर्ता औषधोपचार कार्यक्रम लगायत सञ्चय कोषवाट सञ्चयकर्ताका लागि प्रवाह गरिने सेवा सुविधाका सम्वन्धमा जानकारी गराउने उद्देश्यले एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा शाखा कार्यालयका प्रमुख अर्जुन निरौलाले कोषको सेवा सुविधाका सम्वन्धमा Power Point प्रस्तुतीकरण गर्नु भएको थियो ।

- नेपाल प्रहरी सुर्खेत जिल्ला अन्तर्गत लेखा केन्द्रका करिव ३० जना लेखापालहरूलाई वेववाट फँाटवारी पठाउने सम्वन्धमा तालिम प्रदान गरियो ।

- सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकामा कोषवाट प्रवाह हुने धितोमा आधारित सापटीको क्षेत्र विस्तार सम्पन्न भयो ।

- कर्णाली प्रदेश सशस्त्र प्रहरी कार्यालय सुर्खेतमा तालिमरत २०० जना प्रहरी कर्मचारीहरूको Onsite KYC विवरण अद्यावधिक गरियो ।

- नेपाली सेना उत्तर पश्चिम पृतना सुर्खेतका १०० सैनिक कर्मचारीको Onsite KYC विवरण अद्यावधिक तथा कोषवाट प्रदान गरिने सेवा सुविधाबारे जानकारी प्रदान गरियो ।



- कर्मचारी सञ्चय कोषको वीरेन्द्रनगर नगरपालिका वडा नम्वर ७, सुर्खेत स्थित जग्गामा कोषको सुर्खेत शाखा कार्यालय भवन, आवास गृह र गार्ड हाउस निर्माणको लागि २०७७ श्रावण ३० गते शिलान्यास गरिएको छ ।

# आ.व. २०७६/७७ को कारोवार सारांश

## सेवा केन्द्र धनकुटा



धनकुटा सेवा केन्द्रले १ नं. प्रदेशका विभिन्न जिल्लास्थित सञ्चयकर्ताहरूको क.सं. कोष व्यवस्थापनका साथै सञ्चय कोष, सञ्चयकर्ता कर्जा/सापटी लगायत विभिन्न सामाजिक सुरक्षण सुविधाहरू प्रदान गर्दै आइरहेको सन्दर्भमा आ.व. २०७६/७७ को अवधिमा भएका कारोबारहरूको विवरण निम्नानुसार रहेको छ :

- कं.सं. कोष पूर्ण भुक्तानी रू. ४ करोड २ लाख ७२ हजार
- विशेष सापटी भुक्तानी रू. १३ करोड ६६ लाख ६९ हजार
- नयाँ घर सापटी भुक्तानी रू. ३९ लाख ३ हजार
- सुत्केरी तथा शिशु हेरचाह खर्च रू. १८ लाख
- काजकिरिया खर्च रू. १ लाख ६० हजार
- विशेष सापटीमा नगद दाखिला रू. ६ करोड १७ लाख ८६ हजार
- सञ्चयकर्ता कर्जा असुली रू. १ करोड ५१ लाख १५ हजार (घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी र सरल चक्र कर्जा)
- १,००३ जना सञ्चयकर्ताको परिचयपत्र समर्थन र स्क्यानिङ गरी सर्भरमा अपलोड
- करिब ७२ हजार कोषकट्टी तथा सापटी दाखिलाको फाँटवारी इन्ट्री
- २,४९० जना सञ्चयकर्ताको व्यक्तिगत विवरण भेरिफिकेसन
- ३२५ जना सञ्चयकर्ताको खाता एकीकरण कार्य (बेचालु खाता बाहेक)

### अन्य गतिविधिहरू :

- समग्र सञ्चयकर्ताको हितमा कोषबाट प्रवाह हुने सापटी एवम् सामाजिक सुरक्षण सुविधाहरूको बारेमा जानकारी दिदै उनीहरूसँगको सम्बन्धलाई थप मजबुत र सुमधुर बनाउने उद्देश्यले धनकुटा सेवा केन्द्रले आ.व. २०७६/७७ मा श्री सशस्त्र प्रहरी बल नेपाल नं. ६ गुल्म हेडक्वार्टर छिन्ताङ, श्री नं. २ बाहिनी अड्डा, हिले ब्यारेक र श्री बरख गण सल्लेरी, धनकुटाका सञ्चयकर्ताहरूसँग छुट्टाछुट्टै



अन्तरक्रिया कार्यक्रमहरू आयोजना गर्‍यो ।

- Covid-19 महामारीबाट सृजित विषम परिस्थितिमा समेत आवश्यक भौतिक दुरी तथा सुरक्षा सम्बन्धी आवश्यक मापदण्ड पालना गर्दै KYC अपडेट कार्यलाई जारी राखिएको छ भने यसमा भएका त्रुटीयुक्त डाटाहरूलाई सच्याउन सञ्चयकर्ताहरूलाई सम्पर्क गरी डाटा शुद्धीकरण कार्य गरिएको छ । त्यस्तै, कोषको कार्यालयमा आउनु हुने विभिन्न कार्यालयका प्रमुख एवम् प्रतिनिधि सञ्चयकर्ताहरूलाई व्यक्तिगत र अफिस केवाइसी अपडेट गर्नाको कारण, प्रक्रिया र यसबाट प्राप्त हुने सहजताका बारेमा प्रशिक्षण दिने गरिएको छ ।
- सुरक्षासम्बन्धी आवश्यक मापदण्ड पालना गर्दै फाँटवारी वेब अपलोडसम्बन्धी प्रशिक्षण कार्य जारी राखिएको छ भने धनकुटा, संखुवासभा, भोजपुर, तेह्रथुम तथा ताप्लेजुङस्थित विभिन्न कार्यालयका लेखाका कर्मचारीहरूलाई टेलिफोन तथा इमेल मार्फत् फाँटवारी अपलोडसम्बन्धी विविध समस्या समाधानका लागि आवश्यक जानकारी आदान प्रदान गर्ने गरिएको छ ।

## शाखा कार्यालय पोखरा



शाखा कार्यालय पोखराले आर्थिक वर्ष २०७६/७७ मा ४,७५६ जना सञ्चयकर्तालाई रू. ६८,२३,८१,४२२।२६ प्रवाह गरेको छ । सञ्चय कोष भक्तानी २९३ जनालाई ४३,५६,६८,१२६।३० रूपैयाँ गरेको छ । विशेष सापटी असुली तर्फ रू. ४६,७०,५४,८२९। ०७ रहेको छ । त्यसैगरी सुत्केरी तथा शिशु स्याहार अन्तर्गत १४०२ जनाले १,०५,१५,००० रूपैयाँ प्राप्त गरेका छन् ।

त्यसैगरी काजकिरिया अनुदान वापत २१ जना सञ्चयकर्ताको हकवालालाई रू. ८,३०,००० प्रदान गरिएको छ ।

घर सापटी मा ७१ जना सञ्चयकर्तालाई रू. २३,७७,३६,९२८।२७ बराबरको रकम, घर मर्मत सापटीमा १० जना सञ्चयकर्तालाई रू. २,२०,९९,९६४।०८ प्रदान गरिएको छ । शैक्षिक सापटीमा ३ जना सञ्चयकर्तालाई रू. ५२,४०,९४९।८० रकम प्रदान गरिएको छ ।

यसैबीच, ८०० जना सञ्चयकर्ताको खाता एकीकरण कार्य सम्पन्न भएको छ भने ६,६३४ जना सञ्चयकर्ताको परिचयपत्र समर्थन गरिएको छ । फाँटवारी इन्ट्रीको संख्या ३,८९,२४० रहेको छ । १७ वटा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी सञ्चयकर्तालाई कोषले प्रदान गर्दै आइरहेको सेवा सुविधा तथा प्राप्त गर्ने प्रक्रियाको बारेमा जानकारी प्रदान गरेको छ ।

# गुणस्तरीय सेवा प्रवाहसँगै केवाईसी अद्यावधिक

## शाखा कार्यालय कोहलपुर

- आर्थिक वर्ष २०७६/२०७७ मा शाखा कार्यालय कोहलपुरले विशेष सापटी वापत ६२६,२१९,६०० रूपैयाँ प्रवाह गरेको छ । त्यसैगरी कोष भुक्तानी वापत २१२,१७७,६०१ रूपैयाँ, घर सापटी १११,८२९,००० रूपैयाँ, शैक्षिक सापटी १३७२००० रूपैयाँ, घर मर्मत सापटी ३२३४३००० रूपैयाँ प्रदान गरेको छ ।
- सामाजिक सुरक्षा अन्तर्गत सुत्केरी तथा शिशु हेरचाह कार्यक्रमको लागि ८०२५००० रूपैयाँ, कल्याणकारी ७४००००, दुघर्टना क्षतिपूर्ति वापत ११२५०००, काजकिरिया अनुदान १०००००० रूपैयाँ प्रदान गरिएको छ । औषधोपचार सहयोग कार्यक्रम अन्तर्गत १०,९४७ रूपैयाँ प्रदान गरिएको छ ।
- यो अवधिमा ११५०० जना सञ्चयकर्ताको केवाईसी अद्यावधिक गरिएको छ ।





## शाखा कार्यालय जनकपुर

### क. कार्यालय भवन निर्माणको लागि जग्गा खरिद

कर्मचारी सञ्चय कोष शाखा कार्यालय जनकपुरको लागि कार्यालय भवन निर्माण गर्न जग्गा खरिद गर्ने कार्य २०७७ श्रावण २१ गते सम्पन्न भएको छ । कोषका प्रशासक तुलसी प्रसाद गौतम र शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख ध्रुव प्रसाद पन्तबीच २०७६ भाद्र १६ गते भएको कार्य सम्पादन संभौता अनुरूप जग्गा खरिद गरिएको हो । जनकपुर उप-महानगरपालिका वडा नं.१२ गिरिजा पथमा पर्ने ८ कट्ठा ६ धुर जग्गा कृषि विकास बैंक लि.संग खरिद गरिएको हो । कृषि विकास बैंक लि. प्रदेश नं.२ कार्यालयको नाममा रहेको उक्त जग्गा कोषले खरिद गर्ने सम्बन्धमा आर्थिक बर्षको सुरू देखि नै प्रकृया प्रारम्भ गरिएको भएता पनि संघीय मन्त्रीपरिषद्को २०७७ असार २९ गतेको बैठकले स्वीकृति प्रदान गरे पश्चात खरिद कार्य निर्कर्षमा पुगेको हो । राज्य प्रादेशिक संरचनामा रूपान्तरण भए पश्चात् प्रदेश नं २ का सञ्चयकर्ताहरूलाई प्रदेश स्तरमा नै सेवा पुर्‍याउने उद्देश्य सहित २०७५ जेष्ठ देखि सञ्चालनमा आएको यस शाखाको आफ्नै भवनबाट प्रभावकारी सेवा प्रवाह गर्न यथाशीघ्र भवन निर्माणको प्रकृया सुरू गरिने कार्यालय प्रमुख पन्तले बताउनु भयो ।

### ख. बीमा रकम हस्तान्तरण

नोवल कोरोना भाइरस (कोभिड १९) को संक्रमण नेपालमा समेत फैलिरहेको अवस्थामा शाखा कार्यालय जनकपुरका सम्पूर्ण कर्मचारीहरूको मिति २०७७ श्रावण १८ गते स्वाव संकलन गरी प्रदेशिक प्रयोगशाला जनकपुरमा परीक्षणको लागि पठाइएको थियो । प्रयोगशालाबाट श्रावण २२ गते प्राप्त प्रतिवेदन अनुसार सेवा करारमा कार्यरत एक जना सुरक्षाकर्मीमा कोरोना भाइरस संक्रमण देखिएकोले निजलाई विमा वापत रू.१,००,०००/- हस्तान्तरण गरिएको छ । कार्यालय सञ्चालन गर्ने क्रममा आफ्ना कर्मचारीहरूलाई (सेवा करारका समेत) संक्रमण हुन गएमा राहत पुर्‍याउने उद्धेश्यले कोष व्यवस्थापनबाट प्रत्येक व्यक्तिको रू एक लाख बराबरको कोभिड बीमा गरिएको थियो । जस अनुरूप राष्ट्रिय बीमा कम्पनिबाट कोषको नाममा प्राप्त भएको उक्त रकम निजलाई शाखा कार्यालयका निमित्त कार्यालय प्रमुख बिमल कुमार खतिवडाले हस्तान्तरण गर्नु भएको थियो । संक्रमित सुरक्षाकर्मीको स्वास्थ्यमा पूर्ण सुधार भई हाल नियमित ड्युटीमा रहनु भएको छ ।





शाखा कार्यालय
## धनगढी



# विविध कार्यक्रम सम्पन्न

सुदूर पश्चिम प्रदेश अन्तर्गतका बझाङ, बाजुरा, डोटी ,अछाम, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर मुख्य कार्यक्षेत्रका जिल्लाहरु लगायत अन्य जिल्लाहरूका सञ्चयकर्तालाई समेत प्रत्यक्ष तथा अप्रत्यक्ष से वा प्रदान गर्दै आइरहेको यस शाखा कार्यालयबाट सापटी/भुक्तानी, फाँटवारी सङ्कलन तथा लेखाङ्कन, धितोमा आधारित कर्जा प्रवाह तथा असुली, सामाजिक सुरक्षा सुविधाहरूको भुक्तानी, नयाँ परिचयपत्र समर्थन लगायत कोषको सेवाहरु प्रदान हुँदै आएको छ ।

### • सापटी/भुक्तानी तथा सामाजिक सुरक्षा सुविधाहरूतर्फ:

आ.व. २०७६/७७ को असार मसान्तसम्म शाखा कार्यालय धनगढीद्वारा ४,२४० जना सञ्चयकर्तालाई विशेष सापटी वापत रु५७,२०,४९,६३६।११ र २,५४९ जना अवकास प्राप्त सञ्चयकर्तालाई रु२६,१२,७६,१८५।३३ कोष भुक्तानीका साथै २,११८जना सञ्चयकर्ताबाट विशेष सापटी रु२८,८४,४७,९६१।१०असुल गरेको छ । यसै अवधिमा सञ्चयकर्ता सामाजिक सुरक्षातर्फ प्रसुति तथा शिशु स्याहार खर्च वापत १,२२५ जना सञ्चयकर्तालाई रु ९१,८७,५००।००, दुर्घटना क्षतिपूर्तिवापत ५ जना सञ्चयकर्तालाई रु १०,००,०००।००, सेवा अवधिमा मृत्यु भएका २६ जना सञ्चयकर्ताका हकवालालाई काजक्रिया अनुदान वापत रु १०,५०,०००।००, सेवा अवधिमा मृत्यु भएका निजामति, प्रहरी तथा जङ्गी तर्फका ८ जना सञ्चयकर्ताका हकवालालाई कल्याणकारी रकम वापत रु ६,९०,०००।०० प्रदान गरिएको छ ।

### • कर्जा लगानी तथा असुलीतर्फ :

यस शाखाबाट आ.व. २०७६/७७ को अवधिमा घर सापटीतर्फ २२४ जना सञ्चयकर्तालाई रु २०,४०,२६,०००।००, घर मर्मत सापटीतर्फ ३२ जना सञ्चयकर्तालाई रु ४,२३,१५,०००।०० शैक्षिक सापटी तर्फ १ जना सञ्चयकर्तालाई रु ४,००,०००।०० गरि जम्मा २५७ जनालाई रु२०,८६,५७,५००।०० लगानी र Interest Suspense असुली ६२% रहेको छ भने सेवा शुल्क वापत रु१,६८,०००।०० उठेको छ ।

### • KYC अपडेट तथा डाटा इन्ट्री :



यस शाखाबाट आर्थिक बर्ष २०७६/०७७मा १२,८१७ KYC अपडेट भएका छन् भने ३ लाखभन्दा बढी Data Entry गरेको छ, जसमध्ये ७१% डाटा Soft Copy बाट प्राप्त भएको थियो भने १२०० भन्दा बढी खाता एकीकरणका साथै करिब २०० वटा बेचालू खाताको व्यवस्थापन गरिएको छ ।

### • अन्तरक्रिया कार्यक्रम

शाखा कार्यालय धनगढीले आ.व. २०७६/७७ मा सुदुर पश्चिम प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरूमा रहेका सञ्चयकर्ताहरूको कार्यालयमै गई KYC Update तथा स्थलगत अन्तरक्रिया गर्ने कार्य सम्पन्न गरेको छ । त्यस्तै शाखाबाट विभिन्न स्थानमा ६ वटाभन्दा बढी अर्न्तकिया कार्यकम सम्पन्न गरी कोषले प्रवाह गर्ने सेवा सुविधा र सोको प्रक्रियाको सम्बन्धमा आवश्यक जानकारी प्रदान गरियो ।

यस कार्यालयले आ.व. २०७६/७७ मा सञ्चयकर्ता सेवा सन्तुष्टि सर्वेक्षण सम्पन्न गरेको छ । जसमा विभिन्न कार्यालयका विभिन्न प्रकृतिका १०० जना सञ्चयकर्ताबीच सर्वेक्षण गरिएको थियो । सो सर्वेक्षणमा कोषको सेवासुविधा, कर्मचारीहरूको व्यवहार, कार्य वातावरण, कोषकोबारे आम सञ्चयकर्ताको धारणा जस्ता व्यवस्थापन परीक्षणका समग्र पक्षहरु समेट्ने बिषयगत तथा वस्तुगत प्रश्नोत्तर समावेश भएको थियो । जसमध्ये अधिकांश सञ्चयकर्ता हाम्रो सेवाप्रति सन्तुष्ट रहेको र समयसापेक्ष अझ प्रविधिमैत्री बन्नुपर्नेमा जोड दिएको पाइयो । साथै, कोषको सेवासुविधा तथा सोको प्रक्रियाको बजारीकरणमा पनि यथेष्ट ध्यान दिई आमसञ्चयकर्तालाई सूचनाको हकबाट बञ्चित गर्न नहुने कुरामा समेत सुझाव प्राप्त भयो ।

### • कोरोना महामारीको समयमा निरन्तर सेवा

यस शाखाले कोरोना महामारीको बेलामा पनि आफ्ना सञ्चयकर्तालाई नियमित रूपमा सेवा प्रदान गर्दै आइरहेको छ । सेवा प्रदान गर्दा कर्मचारी र आम सञ्चयकर्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै विभिन्न सुरक्षाका उपायहरु अवलम्वन गरिएको छ । जसमध्ये सञ्चयकर्तालाई गेट प्रवेश गर्न मास्क अनिवार्य गरिएको छ भने गेट प्रवेश गर्ने सञ्चयकर्ताको तापक्रम नाप्ने, हात धुने र सेनिटाइजरको समेत व्यवस्था मिलाइएको छ । त्यसपछि उनीहरूको विस्तृत विवरण टिपोट गरी एकपटकमा बढीमा ५ जनालाई कार्यालयभित्र प्रवेश गराई ढिलोमा १५ मिनेटमा काम सम्पन्न गरी पठाइएको छ । यसैको परिणामस्वरूप हाम्रो अनुरोध र प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला धनगढीको सहयोगमा यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी तथा सुरक्षाकर्मीहरूको PCR परीक्षण गरिएको र सो परीक्षणमा सबैको कोरोना Negative आउँदा आमकर्मचारीमा मनोबल उच्च रहेको र यसले कार्यसम्पादनमा समेत सकारात्मक असर पारी सेवाले पनि निरन्तरता पाइरहेको छ । सेवाप्रवाहमा भीडभाड कम गर्न टोकन तथा हेल्पडेस्कको व्यवस्था प्रभावकारी रहेको छ । साथै, समस्या तथा गुनासाहरूलाई टेलिफोनमार्फत समाधान गर्ने व्यवस्थाले सञ्चयकर्ता तथा सञ्चयकर्ता कार्यालयहरु प्रत्यक्ष लाभान्वित भएका छन् । विशेष सापटी पूर्णअनलाइन गरिएको छ र सोको लागि आवश्यक सहकार्य तथा समन्वय गर्न कार्यालय प्रमुखसहितको एउटा सशक्त टीम निरन्तर लागिरहेको छ ।



# आ.व.२०७६/७७ को कार्य प्रगति तथा गतिविधि

आ.व. २०७६/७७ मा सापटी/ऋण लगानी तथा कोष भुक्तानी तर्फ शाखा कार्यालय बुटवलले ५,५८३ जना सञ्चयकर्तालाई रू. ७७ करोड ३२ लाख विशेष सापटी, १४४ जना सञ्चयकर्तालाई रू. २३ करोड ६ लाख घर सापटी, २७ जना सञ्चयकर्तालाई रू. ४ करोड ८३ लाख घर मर्मत सापटी, १ जना सञ्चयकर्तालाई रू. ३ लाख २७ हजार शैक्षिक ऋण लगानी गर्नुको साथै २,२६६ जना अवकाश प्राप्त सञ्चयकर्ताहरू लाई रू. ३८ करोड १७ लाख कोष रकम भुक्तानी गरेको छ ।

सामाजिक सुरक्षण सुविधातर्फ शाखा कार्यालय बुटवलले आ.व. २०७६/७७ मा सुत्केरी तथा शिशु हेरचाह खर्च अन्तर्गत १,५८० जना सञ्चयकर्तालाई रू. १ करोड १८ लाख ५० हजार, कर्मचारी कल्याण योजना अन्तर्गत निजामती तथा प्रहरी सेवा तर्फका ५ जना सञ्चयकर्तालाई रू. ६ लाख ४० हजार, दुर्घटनामा परी पूर्ण अङ्गभङ्ग वा मृत्यु भएका ६ जना सञ्चयकर्तालाई दुर्घटना क्षतिपूर्ति बापत रू. १२ लाख, र सेवाकालमै मृत्यु भएका ४० जना सञ्चयकर्ताको हकवालाहरूलाई काजकिरिया अनुदान वापत रू. १५ लाख ७५ हजार भुक्तानी गरिएको छ । आ.व. २०७६/७७ मा ६५ जना सञ्चयकर्ताहरूले यस शाखा कार्यालयबाट सञ्चयकर्ता स्वास्थोपचार सुविधा योजना अन्तर्गत भुक्तानीको लागि कागजातहरू पेश गरेकोमा प्रकृया पुरा भई आएका अधिकांश सञ्चयकर्ताहरूको केन्द्रबाट भुक्तानी भइसकेको र केही स्वीकृतीको प्रकृयामा रहेको छन् ।

विगत बर्षहरूबाट शाखा कार्यालयबाटै फाँटवारी डाटा इन्ट्रि कार्य हुँदै आएकोमा यस शाखा कार्यालयबाट आ.व. २०७६/७७ मा ३,५६,२९३ डाटा इन्ट्रि सम्पन्न भएको छ । आ.व. २०७६/७७ मा ९२० जना सञ्चयकर्ताहरूको दोहोरो कोष खाता पहिचान गरी खाता एकीकरण गर्ने कार्य पनि सम्पन्न गरेको छ । सञ्चयकर्ताहरूको सम्पूर्ण आवश्यक विवरणहरू कम्प्युटरकृत गरी कोषको सेवाहरूलाई अत्याधुनिक सुचना प्रविधिको माध्यमहरूबाट सहज रुपमा सञ्चयकर्ताहरूलाई प्रदान गर्ने उद्धेश्यले सञ्चयकर्ता पहिचान विवरण (Know Your Contributors) अद्यावधिक गर्ने कार्य सञ्चालन भइरहेकोमा आ.व. २०७६/७७ मा शाखा कार्यालय बुटवलले १५,१२६ जना सञ्चयकर्ताहरूको KYC अधावधिक गर्ने कार्य सम्पन्न गरेको छ ।



## अनसाइट केवाईसी

शाखा कार्यालय बुटवलले सञ्चयकर्ताहरूलाई कोषको परिचय, गतिविधि, कोषबाट सञ्चयकर्ताहरूलाई प्रदान भईरहेका सेवा सुविधा र सो को प्रक्रिया लगायतका विषयमा जानकारी दिने उद्धेश्यले आ.व. २०७६/७७ मा प्रदेश मुख्यालय, चन्द्रौटा, कपिलवस्तु, सशस्त्र प्रहरी गण प्राविधिक शिक्षालय, बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) र नं. २ सैन्य तालिम केन्द्र, सैनामैना, रूपन्देही मा सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम र अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कमा सञ्चयकर्ताहरूसँग अन्तर्क्रिया कार्यक्रम गर्नुको साथै सञ्चयकर्ताहरूको Onsite KYC update गर्ने कार्य पनि सम्पन्न गरेको छ । शाखा कार्यालयले धेरै सञ्चयकर्ता कार्यालमै उपस्थित भई Onsite KYC update गर्ने क्रममा प्युठान जिल्लास्थित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीहरूको KYC update गर्ने कार्य समेत सम्पन्न गरिएको छ ।



# नेपाल वित्तीय संस्था कर्मचारी संघ

# सांगठनिक गतिविधि

मुलुकको वित्तीय क्षेत्रमा स्थापित सार्वजनिक संस्थाहरू मध्ये प्रतिष्ठित संस्था कर्मचारी सञ्चय कोषमा क्रियाशिल ट्रेड युनियनहरू मध्ये नेपाल वित्तीय संस्था कर्मचारी संघ स्थापना देखि नै कोष, कर्मचारी र सञ्चयकर्ताको हक हितमा क्रियाशिल रहदै आइरहेको छ । श्रम ऐन, २०७४ र ट्रेड युनियन ऐन, २०४९ अनुसार बैकिङ कर्मचारी कांग्रेस हुँदै २०४७ चैत्र २२ गते नेपाल वित्तीय संस्था कर्मचारी संघको स्थापना भएको हो । यो संस्था राष्ट्रिय स्तरमा ट्रेड युनियन कांग्रेस र अन्तर्राष्ट्रिय स्तरमा युनियन नेटवर्क इन्टरनेसनलसँग आवद्ध फियन राष्ट्रिय समिति मातहत रहेको संघले कोषको संस्थागत सुदृढीकरण, सञ्चयकर्ताहरूको सेवा, सुविधा र कोषमा कार्यरत कर्मचारीहरूको पेशागत हक हितलाई सुनिश्चित गर्ने सवालमा विगत तीन दशकदेखि अनवरत रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । संघद्वारा पछिल्लो आ.ब.मा सञ्चालित मुख्य गतिविधि र क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् :

- नेपाल वित्तीय संस्था कर्मचारी संघले २०७७ साल श्रावण २२ गते कोषको संस्थागत सवालहरू, सञ्चयकर्ताहरूको सेवा सुविधाको विषय, कर्मचारी सेवा शर्त तथा वृत्ति विकासको विषय र कर्मचारीहरूको सेवा सुविधाको विषयमा रही कोषको उच्च व्यवस्थापन मार्फत सञ्चालक समितिको ध्यानाकर्षण गराएको छ । ध्यानाकर्षण पत्र पेश गर्ने कार्यक्रममा कोषको तर्फबाट प्रशासक तुलसी प्रसाद गौतम, सह प्रशासकद्वय राजेन्द्र काफ्ले र जितेन्द्र धिताल तथा मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभागका तत्कालिन विभागीय प्रमुख ओमकृष्ण श्रेष्ठको उपस्थिति रहेको थियो भने युनियनको तर्फबाट नेपाल ट्रेड युनियन कंग्रेसका महासचिव योगेन्द्र कुँवर, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका वरिष्ठ उपाध्यक्ष धर्म प्रसाद खनाल, फियनका अध्यक्ष अर्जुन प्रसाद आचार्य, वरिष्ठ उपाध्यक्ष बद्रिराज खड्का, महासचिव दिनेश बास्कोटा लगायत पदाधिकारी र सदस्यहरूको उपस्थिति रहेको थियो ।
- संघले यही श्रावण ९ गतेदेखि २५ गतेसम्म कोषमा रहेका ११ वटा विभागहरूको गतिविधिको सम्बन्धमा विभागहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा विभागहरूको तर्फबाट विभागीय प्रमुखहरू, वरिष्ठ प्रबन्धकहरू तथा प्रबन्धकहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा






विभागीय गतिविधिको सम्बन्धमा जानकारी दिनुको साथै विभागका आगामी कार्यक्रम, रणनीति र युनियनको भूमिकाको सम्बन्धमा छलफल गरिएको थियो ।

- संघले कोभिड-१९ को कारण नेपाल सरकारले चैत्र ११ गतेदेखि जारी गरेको लकडाउन पछि कोषका सेवाहरू सुचारू गर्नुपूर्व अपनाउनुपर्ने सावधानीको विषयमा यहि बैशाख २४ गते व्यवस्थापनको ध्यानाकर्षण गरेको छ ।
- नेपाल वित्तिय संस्था कर्मचारी संघका अध्यक्ष अर्जुन प्रसाद आचार्यले व्यवस्थापनबाट गठित कोभिड १९ बाट सृजित विशेष परिस्थितिमा कोषका सेवा सञ्चालन गर्ने सम्बन्धमा कार्यदलमा रही विशेष परिस्थितिमा कोषका सेवा सञ्चालन गर्नु पूर्व अपनाउनु पर्ने सावधानीको विषयमा महत्वपूर्ण सुझाव दिनुभएको थियो ।
- मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभागले यहि असार १४ गते आयोजना गरेको विशेष कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघले कोषको सुदृढीकरणमा कर्मचारी संगठनहरूको रचनात्मक भूमिकाको लागि सहकार्यका क्षेत्रहरू विषयक कार्यपत्र पेश गरेको छ । । कार्यक्रममा युनियनको तर्फबाट उपाध्यक्ष दिपक राज भट्टराई र महासचिव दिनेश वास्कोटाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।
- नेपाल ट्रेड युनियन काग्रेस र जापानको अन्तराष्ट्रिय श्रम संगठन (JILAF-Japan International Labour Foundation) ले गत माघ २२-२३ गते संयुक्तरूपमा काठमाण्डौको होटल याक एण्ड यतिमा आयोजना गरेको सेमिनारमा फियन कर्मचारी सञ्चय कोषको तर्फबाट उपाध्यक्ष दिपक राज भट्टराई सहभागी हुनुभयो । कार्यक्रममा नेपाल र जापानको ट्रेड युनियनबीच भएका असल अभ्यासहरू बारेमा जानकारी गराइएको थियो । क्रमशः



- Union Network International (UNI) को आयोजनामा गत मंसिर ४-६ सम्म काठमाण्डौमा आयोजित पाचौ एशिया तथा प्रशान्त क्षेत्रको सम्मेलनमा संघको तर्फबाट महासचिव दिनेश वास्कोटा सहभागी हुनु भयो । सम्मेलनले एशिया तथा प्रशान्त क्षेत्रको महासचिवमा फियन राष्ट्रिय समितिका पूर्व अध्यक्ष राजेन्द्र कुमार आचार्यलाई क्षेत्रीय महासचिवको रूपमा चयन गरेको थियो ।
- फियन, युवा समितिले कोभिड १९ को कारण जारी लकडाउनको मारमा परेका अनौपचारिक क्षेत्र (गलैचा, निर्माण क्षेत्र, रिक्सा, ठेला, छापाखाना लगायत) मा कार्यरत ८२ घर परिवारका श्रमिकहरूलाई २०७७ जेष्ठ २५ गते संघका युवा समिति संयोजक सरोज बस्नेतको उपस्थितिमा राहत बितरण गरेको थियो ।
- संघले राष्ट्रिय समिति, नेपाल ट्रेड युनियन कंग्रेस र UNI तथा अन्य संस्थाहरूसँगको सहकार्यमा संघमा आवद्ध सदस्यहरूलाई विभिन्न किसिमका तालिम तथा क्षमता विकास कार्यक्रममा सहभागी गराई कोषको विकासमा योगदान गर्ने उद्देश्य राखिएको छ ।

संघले सबैको लागि सञ्चय कोष, सधैको लागि सञ्चय कोष भन्ने दीर्घकालीन सोच लिएको छ भने संगठन सञ्चालनमा व्यवसायिकताको विकास गरी असल अभ्यास र संस्कारलाई आन्तरिकीकरण गर्ने दीर्घकालीन लक्ष्य लिई अघि बढ्दै आइरहेको छ ।




## कोषका प्रमुख सूचकांकहरू


### क) सञ्चयकर्ता तथा योगदानकर्ताको संख्याः

- सञ्चय कोष तर्फ — करिब ६ लाख २८ हजार
- निवृत्तभरण कोष तर्फ — करिब १४ हजार ४ सय


### ख) कुल स्रोत तथा कुल लगानीको अवस्थाः




आ.व. २०७६/७७ को लेखापरीक्षण हुन बाँकी





### ग) सामाजिक सुरक्षा सुविधाबाट लाभान्वित सञ्चयकर्ताहरूको विवरणः





आ.व. २०७६/७७ को लेखापरीक्षण हुन बाँकी

### घ) कोषको सञ्चालन अवस्थाः





आ.व. २०७६/७७ को लेखापरीक्षण हुन बाँकी

### ङ) सञ्चयकर्ता प्रतिफल वितरणको अवस्थाः




### च) सञ्चयकर्ता कर्जाबाट लाभान्वित सञ्चयकर्ताहरूको विवरणः



# सञ्चय कोष कर्मचारी संगठन

# सांगठनिक गतिविधि

सञ्चय कोष कर्मचारी संघको २५ वर्षको र नेपाल राष्ट्रिय कर्मचारी संगठनको ११ वर्ष लामो ऐतिहासिक योगदान कर्मचारी सञ्चय कोषमा रहदै आएकोमा मिति २०७५ फाल्गुन २३ देखि २४ गते चितवनको सौराहमा भएको एकीकरणबाट गठित सञ्चय कोष कर्मचारी संगठन मिति २०७६ चैत्र २४ गते श्रम कार्यालय, वागमतीमा दर्ता भई यस संगठनको एकताको प्रथम केन्द्रीय महाधिवेशन मिति २०७६ मंसिर २० र २१ मा सम्पन्न भयो । धर्मराज मैनालीको अध्यक्षतामा २५ सदस्य केन्द्रीय कमिटी सर्वसम्मतीमा निर्वाचित भई संस्थाभित्र निम्न कार्यहरू जिम्मेवारीका साथ सम्पन्न गर्दै आएको छ ।



१. २०७५/०७६ मा SEE उत्तीर्ण, कोषमा कार्यरत कर्मचारीका छोराछोरीहरूलाई पुरस्कृत तथा कोषबाट एक वर्ष भित्र निवृत्त कर्मचारीहरूलाई सम्मान गर्ने कार्य सम्पन्न ।

२. संगठनद्वारा प्रकाशित गरिदै आएको कोष पत्रिका **सञ्चयकोष, खुल्ला प्रतिस्पर्धात्मक परीक्षा विशेषांक २०७६ कार्तिक २७** मा विमोचन ।

३. संगठनद्वारा शाखा कार्यालयको कार्य गतिविधि, कार्य वातावरण, भौतिक संरचना तथा प्रशासनिक गतिविधि, जानकारी लिई व्यवस्थापन समक्ष राम्रा, नराम्रा पक्ष औल्याई सुझाव सहित प्रतिवेदन पेश गर्ने गरी मिति २०७६ कार्तिक २७ गते देखि मंसिर ६ गतेसम्म सवै शाखा कार्यलयहरूको भ्रमण । उक्त भ्रमणमा शाखा कार्यालय, पोखरा,वुटवल, कोहलपुर, धनगढी,सुर्खेत,हेटौडा, जनकपुर, विराटनगर तथा सेवा केन्द्र धनकुटामा शाखा अधिवेशन सम्पन्न ।

४. मिति २०७६ मंसिर २२ गतेको केन्द्रीय कमिटीको प्रथम बैठकको निर्णय बमोजिम सञ्चयकर्ता तथा कर्मचारीको हितमा ५८ वुँदे माग दावी मिति २०७६ पौष २४ गते व्यवस्थापन समक्ष पेश ।

५. प्रति महिना ५ लिटर ईन्धन सुविधा, आन्तरिक पर्यटन भ्रमणलाई सरलीकृत र करार सेवाका कर्मचारीहरूलाई सञ्चय कोष, उपदान र सामाजिक सुरक्षा व्यवस्थापन गर्न कोष व्यवस्थापक तथा सञ्चय कोष कर्मचारी संगठनबीच सामूहिक छलफलबाट प्राप्त गर्न सफल ।

६. दरबन्दी संरचनामा सहायक कर्मचारीको पद सृजना तथा अधिकृत पद संख्या थप वृद्धि गराउदै विज्ञापन गराउन सफल ।

७. मुलुक संघीय संरचना अनुरुप अघि वढिरहेको अवस्थामा संगठनद्वारा कोष व्यवस्थापन समक्ष शाखा कार्यालयमा जग्गा उपलब्ध भई सकेका क्षेत्रमा कर्मचारीलाई समेत व्यवस्थापन गर्नेगरी आफ्नै भवन निर्माण गर्ने, शाखा भत्ता वढाउने, जग्गा खरिद गर्न वाँकी शाखामा खरिद गर्ने सुझाव बमोजिम शाखा कार्यालय धनगढी तथा जनकपुरमा जग्गा खरिद भएको तथा अन्य शाखामा भवन निर्माण कार्य सञ्चालन भई रहेको ।

८ कोष ब्यस्थापन समक्ष संगठनको सुझाव बमोजिम लामो समय देखि रोकिएको कर्मचारीहरूको वृत्ति विकास (खुल्ला, आन्तरिक तथा फाईल)को विज्ञापन भै सकेकोमा खुल्ला परीक्षा मुद्धाको कारण रोकिएकोमा सो सम्वन्धमा तुरून्त न्यायको लागि संगठनले सरोकारवाल एवं कोष व्यवस्थापन समक्ष पटक पटकको छलफलमा लोकसेवा संग परामर्श गरी अघि वढ्ने व्यवस्थापकीय धारणा ।

९. सञ्चय कोष कर्मचारी संगठनको महाधिवेशन पछिको केन्द्रीय समितिको प्रथम बैठकद्वारा २०७६ फाल्गनु २३ देखि २५ गते होटल ल्याण्डपार्क पोखरा प्रा. लि., लेकसाईड, पोखरामा वृहतरूपमा केन्द्रीय सभाको बैठक गर्ने निर्णय भएकोमा कोरोना भाईरस (COVID-19) बाट सृजित विशेष परिस्थितिको कारण उपयुक्त समयमा गर्ने गरी स्थागित गर्ने निर्णय ।

१० योगदानमा आधारित सरकारी कर्मचारी तथा तथा सार्वजनिक संस्थानको पेन्सन फण्ड प्राप्त हुनु कोषको लागि सकारात्मक भएकोले कर्मचारीको मनोबल उच्च बनाउन लामो समयदेखि रोकिएका आर्थिक सरसुविधा वृद्धि हुनुपर्नेमा पटक पटकको छलफलमा परिस्थिति सहज बन्नासाथ अगाडी वढाउने विषयमा व्यवस्थापन तथा युनियन बीच समझदारी रहेको । 

क्रमशः



११. मिति २०७७ साल असार महिनामा यस संगठनद्वारा कोष व्यवस्थापन समक्ष COVID-19 को विषम परिस्थितिमा कोषको सञ्चयकर्ता सेवा प्रवाह तथा आन्तरिक कार्य वातावरण सहज बनाउन सापटी, नगद दाखिला सेवालाई अनलाईन मार्फत र अन्य विविध सेवा तत्काल लागु गर्न संगठनद्वारा नौ बुँदे सुझाव पेश ।

१३ COVID-19 को कारण भएको लकडाउनमा  कार्य सञ्चालन गर्ने सम्वन्धमा कोष व्यवस्थापनलाई पटक पटक कार्य वातावरण बनाउन दिईएको सुझाव बमोजिम कोष व्यवस्थापनद्वारा गठित कमिटीमा संगठनका अध्यक्ष धर्मराज मैनाली र क.स.कोष  ठमेल स्थित बिभागीय प्रमुखको कमटीद्वारा दिईएको कार्य सञ्चालन प्रतिवेदन बमोजिम कार्यान्वयन गर्ने सम्बन्धमा संगठनको भूमिका सशक्त रहेको ।

१४. संगठनद्वारा कोभिड १९ का कारण उत्पन्न विशेष परिस्थितिमा आफ्नो आन्तरिक जिम्मेवारी बहन गर्दै विहान ८:०० बजे देखि १०:०० बजेसम्म २ घण्टा सञ्चयकर्ताको सहजताको लागि फ्रन्टलाइनमा रहेर भूमिका निर्वाह ।

१५ पुनः संगठनद्वारा सञ्चयकर्ता सेवाको लागि तल्तो तल्लाबाटै कतिपय काम गर्न सकिने त्यसको लागि संगठनको कार्यकक्ष प्रयोग गरी सञ्चयकर्तालाई छिटो, छरितो सेवा प्रवाह गर्न संगठनको केन्द्रीय कमिटीको सुझाव ।

१६. संक्रमित रोगको कारण सञ्चयकर्तालाई सेवा लिन कोष समक्ष आउन समस्या देखिएकोले प्रविधि मैत्री Online सापटी सुविधा उपलब्ध गराउन कोष व्यवस्थापन समक्ष संगठनद्वारा राखिएको प्रस्तावमा व्यापक रूपमा छलफल भई व्यवस्थापनद्वारा सञ्चयकर्तालाई अनलाईन मार्फत सापटी दिने व्यवस्था सुरूवात ।

१७. विभिन्न सापटी वापत नगद दाखिला गर्न कोषमै आउनु पर्ने जसले गर्दा भिड भाड भै संक्रमण हुने अवस्थालाई ख्याल गर्दै Connect IPS को माध्यमबाट नै नगद  दाखिला गर्ने व्यवस्थामा संगठनद्वारा विशेष पहल ।

१८. KYC Update नभई अनलाईन सापटी तथा Connect IPS मार्फत नगद दाखिला अन्य विविध सेवा लिन नसकिने कारण KYC लाई केन्द्र तथा शाखा कार्यालयहरूमा व्यवस्थित छिटो छरितो रूपमा सम्पन्न गरी मिति २०७७ भाद्र १ गतेबाट अनलाईन सापटी मार्फत सञ्चयकर्तालाई सेवा दिई कोरोना संक्रमणबाट बच्ने बचाउने कार्यमा संगठनको अहम् भूमिका रहेको  ।

१९ कोषको विज्ञापनमा संगठनद्वारा तयारी कक्षा सञ्चालन सम्पन्न ।

२० विभिन्न गोष्ठी, सेमिनार, प्रशिक्षण राष्ट्रिय स्तरको बैठकमा सहभागी भई संगठनको गतिलाई परिचालन ।

२१ मिति २०७६ साल माघमा सकारात्मक सोच सम्वन्धी अनुशिक्षण कार्यक्रम कर्मचारी सञ्चय कोष, पुल्चोक तालिम हलमा सम्पन्न ।

२२. नेपालका सास्कृतिक चाडपर्वको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न ।

२३ कोष व्यवस्थापनद्वारा ठमेल स्थित कार्यालयलाई लगनखेल स्थित कोषको भवनमा स्थान्तरण गर्न सुरू गरिएको कार्यबाट कोषको आगामि दिनमा दीर्घकालीन हित हुने गरी व्यबस्थापन गरी बैज्ञानिक Layout सहित कार्य कक्षको व्यवस्थापन गर्न सुझाव ।

२४. बर्तमान सेवा शर्त नियमावलीमा ४.१७ (क) हटाईएकोमा  पुनः व्यवस्थापन गर्न  पहल ।

२५. महिला कर्मचारीहरूको लागि शिशु स्याहार कक्ष स्थापना गर्न पटक पटक ध्यान आकर्षण  ।



२६ सामाजिक सुरक्षा कोष प्रतिको धारणा, कोषलाई पर्ने असरको विषयमा व्यवस्थापन समक्ष पटक पटक छलफल हुँदा निजामती कर्मचारीको तथा सार्वजनिक संस्थान, सो अन्तर्गतका बिभिन्न समितिहरूको समेत योगदानमा आधारित निवृतभरण कोष, कर्मचारी सञ्चय कोषमा ल्याउन संगठनको विशेष पहल ।

२७ योगदानमा अधारित निवृत्तभरण कोषलाई बैज्ञानिक व्यवस्थापनमा आधारित लगानी प्रतिफलमा ध्यान दिई सबल तथा विश्वसनीय बनाउन हामी सबैको प्रतिबद्धता रहने संगठनको विश्वास ।

२८ संयुक्त ट्रेड युनियन समन्वय केन्द्र JTUCC को २०७६ पुष ११ गते देखि १२ मा सम्पन्न चौथो महाधिवेशन संगठनको तर्फबाट सहभागिता ।

२९. संगठनमा प्रतिवद्ध महिला कर्मचारीहरूलाई  माथिल्लो कमिटीको आब्हानमा महिलाको हक अधिकार सम्वन्धी गोष्ठी, सेमिनारमा सहभागी ।

३१ नव प्रवेशी कर्मचारीहरूलाई स्वागत कार्यक्रम ।

३२ कोषका प्रशासक श्री तुलसी प्रसाद गौतम तथा नेपाल सरकार, अर्थ मन्त्रालयबीच भएको कार्य सम्पादन सम्झौता बमोजिम उत्तम श्रेणीको मूल्यांकन भएकोमा बधाई तथा शुभकामना व्यक्त ।

३३ एकताको केन्द्रीय महाधिवेशन सम्पन्न पश्चात् संगठनलाई सुदृढ, सक्षम, गतिशील बनाउनु संगठनको अहम् जिम्मेवारी रहेकोले विधानसम्मत सल्लाहकार कमिटी तथा नीति अनुसन्धान तथा तालिम कमिटी गठन लगायत विभिन्न विभाग गठन गरी संगठनलाई चलायमान, गतिशील, संस्थाप्रतिको जिम्मेवारीबोध गराउन उक्त कमिटी तथा विभागहरू गठन गरिएको ।

कर्मचारी सञ्चय कोषको सुदृढीकरण, सक्षम व्यबस्थापन, प्रविधिमैत्री, व्यवस्थित लगानी, सञ्चयकर्ताहरूको गुणस्तरीय सेवा, सुविधा व्यवस्थापन, कर्मचारीहरूको समयसापेक्ष सेवा, सुविधा वृद्धि आदि विविध विषयमा कर्मचारीहरूको आस्थाको केन्द्रविन्दु सञ्चय कोष कर्मचारी संगठनको भूमिका प्रष्ट छ । आगामी दिनमा कोषलाई सामाजिक सुरक्षण कोषमा रूपान्तरण गरी यसमा आबद्ध सम्पूर्ण कर्मचारीहरूको पूर्ण आशाको केन्द्रबिन्दु बनाउन सञ्चयकोष कर्मचारी संगठन दृढरूपमा प्रतिबद्धता जनाउँदै, विगत समयमा गरिएका कार्य विवरण प्रस्तुत गर्दै आगामी दिनमा संस्था तथा कार्मचारीको हितमा आदरणीय कर्मचारीहरूको सुझाव सल्लाह कार्यन्वयन गर्दै जाने कुरामा संगठन विश्वस्त गराउँदछ ।

# सेवा पदक पाउने कर्मचारीहरुको विवरण

## २५ वर्षे सेवा पदक प्राप्त गर्ने कर्मचारीहरु

| सि.नं. | प.प.नं. | पद | नामथर |
|---|---|---|---|
| १ | ८२५६५० | सह प्रशासक | श्री दिपक रौनियार |
| २ | १५९२८८ | का.मु.सह प्रशासक | श्री ओम कृष्ण श्रेष्ठ |
| ३ | ८२२४६० | का.मु.मुख्य प्रबन्धक | श्री दिनेश कुमार के.सी. |
| ४ | ८२०३०६ | बरिष्ठ प्रबन्धक | श्री नवराज पौडेल |
| ५ | २२२५०९ | प्रबन्धक | श्री ध्रुव प्रसाद तिवारी |
| ६ | २०६८४४ | प्रबन्धक | श्री कृष्ण बहादुर जि.सी. |
| ७ | २२०१७९ | का.मु. बरिष्ठ प्रबन्धक | श्री ध्रुव प्रसाद पन्त |
| ८ | ८२०३०५ | प्रबन्धक | श्री रामचन्द्र पोखरेल |
| ९ | २२०१०९ | उप प्रबन्धक | श्री दीपकमणि रिसाल |
| १० | ८२९०३० | उप प्रबन्धक | श्री दिपेन्द्र सापकोटा |
| ११ | २२०५५२ | उप प्रबन्धक | श्री चानक राज खत्री |
| १२ | ८२०२७८ | उप प्रबन्धक | श्री रामचन्द्र कडेल |
| १३ | २२१५०० | उप प्रबन्धक | श्री रामकृष्ण जि.सी. |
| १४ | २२२५०७ | उप प्रबन्धक | श्री चिरञ्जिवी पोखरेल |
| १५ | ८२५७२१ | उप प्रबन्धक | श्री दिपक निरौला |
| १६ | ८२०२०६ | उप प्रबन्धक (कानून) | श्री धर्मराज मैनाली |
| १७ | २२२५२० | सहायक प्रबन्धक | श्री विनय कृष्ण डंगोल |
| १८ | ८२०३०१ | सहायक प्रबन्धक | श्री शम्भु प्रसाद पौडेल |

## २५ वर्षे सेवा पदक प्राप्त गर्ने कर्मचारीहरु

| सि.नं. | प.प.नं. | पद | नामथर |
|---|---|---|---|
| १९ | २२२०६३ | का.मु.उप प्रबन्धक | श्री राम प्रसाद अधिकारी |
| २० | ८२०३०४ | सहायक प्रबन्धक | श्री देवी प्रसाद गौतम |
| २१ | ८२१०९३ | सहायक प्रबन्धक | श्री राजन कुमार रायमाझी |
| २२ | ८२०२०५ | सहायक प्रबन्धक | श्री भरत खतिवडा |
| २३ | २२०९८६ | सहायक प्रबन्धक | श्री डम्मरा देवी अर्याल |
| २४ | ८२०२३४ | सहायक प्रबन्धक | श्री राजेन्द्र ढकाल |
| २५ | ८२०३५१ | सहायक प्रबन्धक | श्री रमिता श्रेष्ठ |
| २६ | २२२५०८ | सहायक प्रबन्धक | श्री दिलेन्द्र प्रधान |
| २७ | ८२०२६० | सहायक प्रबन्धक (संचार) | श्री शंकर प्रसाद अर्याल |
| २८ | २२०४७४ | सहायक प्रबन्धक | श्री विमला देवी नेउपाने |
| २९ | २२११५५ | प्रमुख रक्षक | श्री अमर राज सुवेदी |
| ३० | २१९०९० | प्रमुख रक्षक | श्री हरि शरण थापा |

## १५ वर्षे सेवा पदक प्राप्त गर्ने कर्मचारीहरु

| सि.नं. | प.प.नं. | पद | नामथर |
|---|---|---|---|
| १ | ८२९६३८ | बरिष्ठ प्रबन्धक (सिभिल ई.) | श्री पवन देउजा |
| २ | ८६९९५७ | का.मु. बरिष्ठ प्रबन्धक | श्री अर्जुन निरौला |
| ३ | ८६९४७२ | उप प्रबन्धक (प्रोग्रामर) | श्री जेनी महर्जन |

# आ.व. २०७६/७७ मा अनिवार्य अवकाश प्राप्त कर्मचारीहरु

| सि.नं. | प.प.नं. | पद | नाम थर | अवकाश मिति |
|---|---|---|---|---|
| १ | १८९१६० | सहायक प्रबन्धक | आर्यानन्द शाक्य | २०७६।०४।०९ |
| २ | १६७६८२ | सहायक प्रबन्धक | लिला नाथ कडेल | २०७६।०४।१५ |
| ३ | १८३३६६ | सहायक प्रबन्धक | रोहिणी कोईराला | २०७६।०५।०८ |
| ४ | १८९६६३ | सहायक प्रबन्धक | बिष्णु प्रसाद ढुंगाना | २०७६।०५।१५ |
| ५ | १६५३९७ | सहायक प्रबन्धक | रविन्द्र न्यौपाने | २०७६।०५।१५ |
| ६ | १६८०१७ | उप प्रबन्धक | शिव लाल प्रधान | २०७६।०५।२२ |
| ७ | १६५१८१ | सहायक प्रबन्धक | रवि कुमार अर्याल | २०७६।०५।२४ |
| ८ | १८४९४८ | उप प्रबन्धक | रवि राज श्रेष्ठ | २०७६।०६।०८ |
| ९ | १८३६७८ | सहायक प्रबन्धक | गोपाल श्रेष्ठ | २०७६।०६।२८ |
| १० | १६३४४० | उप प्रबन्धक | सबर्ज्ञ रत्न तुलाधर | २०७६।०७।०१ |
| ११ | १६२७६५ | उप प्रबन्धक | भोला नाथ भण्डारी | २०७६।०७।०७ |
| १२ | १८४६७९ | सहायक प्रबन्धक | भेष नाथ भट्टराई | २०७६।०७।१० |
| १३ | १८३६७४ | उप प्रबन्धक | गोविन्द प्र मरासिनी | २०७६।०७।१५ |
| १४ | १८९५१२ | सहायक प्रबन्धक | बाल मुकुन्द न्यौपाने | २०७६।०८।०३ |
| १५ | १६८९७४ | प्रबन्धक | केशव बहादुर आचार्य | २०७६।०८।२२ |
| १६ | १८३२५९ | सहायक प्रबन्धक | गंगा देवि उप्रेती | २०७६।०८।२८ |
| १७ | १६२९९३ | सहायक प्रबन्धक | सुरेन्द्र कुमार ईङ्गनाम | २०७६।०८।२९ |
| १८ | १६१२४६ | सहायक प्रबन्धक | मोहन कुमार श्रेष्ठ | २०७६।०९।०१ |
| १९ | १९९७०४ | उप प्रबन्धक | सुधिर थापा | २०७६।१०।१० |
| २० | १७८०९८ | सहायक प्रबन्धक | कृष्ण बदन सैंजु | २०७६।११।२० |
| २१ | १८३१३० | सहायक प्रबन्धक | जमुना ढकाल | २०७६।१२।२४ |
| २२ | ८२०२४३ | सहायक प्रबन्धक | रमिता प्रधान | २०७७।०२।०५ |
| २३ | १८३६६३ | सहायक प्रबन्धक | ध्रुव प्रसाद हुमागाई | २०७७।०३।१३ |
| २४ | १६७८४३ | सहायक प्रबन्धक | कल्पना पौडेल (ओझा) | २०७७।०३।१५ |
| २५ | १७७२६२ | सहायक प्रबन्धक | राज कुमार लामा | २०७७।०३।१५ |
| २६ | १६३०३१ | कार्यालय सुपरिवेक्ष | ठुल वहादुर लामा | २०७७।०३।१५ |
| २७ | १८३६६८ | सहायक प्रबन्धक | राम कृष्ण खड्का | २०७७।०३।१७ |

# आ.व. २०७६/७७ मा स्वैच्छिक अवकाश प्राप्त कर्मचारीहरु

| सि.नं. | प.प.नं. | पद | नामथर | राजिनामा स्वीकृत मिति |
|---|---|---|---|---|
| १ | ८२०३०२ | सहायक प्रबन्धक | पदम बहादुर शाही | २०७७।०८।२० |
| २ | २१९६४४ | उप प्रबन्धक | डिल्ली राज केसी | २०७६।०९।२६ |

# सेवाकालमा मृत्यु भएका कर्मचारीहरु

| सि.नं. | प.प.नं. | पद | नामथर | मृत्यु भएको मिति |
|---|---|---|---|---|
| १ | १८६९३४ | सहायक प्रबन्धक | उद्धव वहादुर रावत | २०७६।०८।१४ |
| २ | ७७७९५४८ | प्रमुख सहायक | सुप्रभा लुईटेल | २०७७।०२।२७ |

## आ.व. २०७६/७७ मा राजिनामा स्वीकृत भएका कर्मचारीहरु

| सि.नं. | प.प.नं. | पद | नामथर | राजिनामा स्वीकृत मिति |
|---|---|---|---|---|
| १ | ८१०५७१६ | प्रमुख सहायक | सुदिप श्रेष्ठ | २०७६।०४।०१ |
| २ | १८३४६० | सरसफाई सहयोगी | ज्ञानी च्यामे | २०७६।०९।१३ |
| ३ | १५९०१९ | सरसफाई सहयोगी | हिरा कृष्ण पोडे | २०७६।०९।१५ |
| ४ | ८००२७२८ | सव इन्जिनीयर | अम्बिका के.सी. अधिकारी | २०७६।१०।२२ |
| ५ | १८९४४७ | सरसफाइ सहयोगी | रत्न प्रसाद पोडे द्योला | २०७७।०३।०३ |

## आ.व. २०७६/७७ मा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बढुवा हुनु भएका कर्मचारीहरु

| सि.नं. | प.प.नं. | पद | नामथर | बढुवा मिति |
|---|---|---|---|---|
| १ | ८८५८४१ | बरिष्ठ प्रवन्धक | नगेन्द्र प्रसाद पौडेल | २०७६।०७।२७ |
| २ | ८२०३०६ | बरिष्ठ प्रवन्धक | नबराज पौडेल | २०७६।०७।२७ |
| ३ | ७७३०६२६ | प्रबन्धक | मुकुन्द अर्याल | २०७६।०७।२७ |
| ४ | ७७३२६२३ | प्रबन्धक | शिवराज पौडेल | २०७६।०७।२७ |
| ५ | ७७३१००७ | प्रबन्धक | पूर्ण कुमारी बस्नेत | २०७६।०७।२७ |
| ६ | ८००४२२६ | प्रबन्धक (सिष्टम) | सन्देश घिमिरे | २०७६।०७।२७ |
| ७ | ८००६३१० | उप प्रबन्धक | कुशुम लामा योञ्जन | २०७६।०७।२७ |
| ८ | ८००४२३३ | उप प्रबन्धक | योगेन्द्र मैनाली | २०७६।०७।२७ |
| ९ | ८७६९७१ | उप प्रबन्धक | दिनेश बास्कोटा | २०७६।०७।२७ |
| १० | ८००६३२९ | सहायक प्रबन्धक | सुनिल गुरागाई | २०७६।०७।२७ |
| ११ | ८००६३४० | सहायक प्रबन्धक | सुस्ता वाग्ले | २०७६।०७।२७ |
| १२ | ८००६३११ | सहायक प्रबन्धक | गोपाल कृष्ण सुवेदी | २०७६।०७।२७ |
| १३ | ८००६३४७ | सहायक प्रबन्धक | रमेश भुजेल | २०७६।०७।२७ |
| १४ | ८००६३२१ | सहायक प्रबन्धक | जित बहादुर राउत | २०७६।०७।२७ |
| १५ | ८००७३३६ | सहायक प्रबन्धक | बल बहादुर कुंवर | २०७६।०७।२७ |
| १६ | ६०१८०७१ | सहायक प्रबन्धक | दुर्गा बस्नेत | २०७६।०७।२७ |
| १७ | ८००३०४५ | सहायक प्रबन्धक (कम्प्युटर) | निरज रिजाल | २०७६।०७।२७ |

## खुला प्रतियोगितात्मक परीक्षाबाट नियुक्त हुनु भएका कर्मचारीहरु

| सि.नं. | प.प.नं. | पद | नामथर | नियुक्त मिति |
|---|---|---|---|---|
| १ | ८३५३६५० | उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट) | सरोज अधिकारी | २०७७।०४।०५ |
| २ | ८३५३६५१ | उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट) | सन्तोषी खनाल | २०७७।०४।०५ |
| ३ | ८३५३६५२ | उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट) | अर्पणा बस्नेत | २०७७।०४।०५ |
| ४ | ८२५७३४२ | सहायक | भावना केसी | २०७६।०९।०६ |
| ५ | ८२५७३४३ | सहायक | खुमकान्त भण्डारी | २०७६।०९।०६ |
| ६ | ८२५७३४४ | सहायक | मञ्जिना गिरी | २०७६।०९।०६ |
| ७ | ८२५७३४५ | सहायक | गंगा बस्याल | २०७६।०९।०६ |
| ८ | ८२५७३४६ | सहायक | मनिष कुमार कर्ण | २०७६।०९।०६ |
| ९ | ८२५७३७७ | सहायक | सुनिल शर्मा | २०७६।०९।०७ |
| १० | ८२५७३७८ | सहायक | दिनेश कुमार चौधरी | २०७६।०९।०७ |

## २०७७ श्रावण देखि भाद्र मसान्तसम्ममा अनिवार्य अवकाश हुनु भएका कर्मचारीहरु

| सि.नं. | प.प.नं. | हालको पद | नाम थर | अवकाश मिति |
|---|---|---|---|---|
| १ | १८६४९२ | सहायक प्रबन्धक | प्रमोद प्रसाद जोशी | २०७७।०४।१५ |
| २ | १८३२४९ | कार्यालय सुपरिवेक्षक | राम प्रसाद लामिछाने | २०७७।०४।२१ |
| ३ | १६५१५५ | सहायक प्रबन्धक | रामेश्वर सिग्देल | २०७७।०४।२२ |
| ४ | १६९०२७ | कार्यालय सुपरिवेक्षक | राम शरण लुईटेल | २०७७।०४।३१ |
| ५ | २०३९५१ | सहायक प्रबन्धक | कुशेश्वर श्रेष्ठ | २०७७।०५।०२ |
| ६ | १८९३१२ | सह प्रशासक (मुख्य अधिकृत) | राजेन्द्र काफ्ले | २०७७।०५।०६ |
| ७ | २२२४४३ | प्रमुख सहायक | राजिव लाल मुलेपति | २०७७।०५।०९ |

## मिति २०७७।०५।०७ गते सह प्रशासक (मुख्य अधिकृत) पदमा कायम मुकायम मुकरर तोकिनु भएका

| सि.नं. | प.प.नं. | पद | नामथर |
|---|---|---|---|
| १ | १५९२८८ | का· मु· सह प्रशासक (मुख्य अधिकृत) | ओम कृष्ण श्रेष्ठ |

## शैक्षिक पुरस्कार प्राप्त गर्ने SEE उत्तीर्ण कोषका कर्मचारीका छोराछोरीहरु

**(क) छात्रा तर्फ**

| सि.नं. | विद्यार्थीको नामथर | कर्मचारीको नामथर | पद | GPA |
|---|---|---|---|---|
| १ | स्लेषा खनाल | अनिशा काफ्ले | प्रमुख सहायक | 3.95 |
| २ | सुबिना तिवारी | ध्रुव प्रसाद तिवारी | प्रबन्धक | 3.85 |
| ३ | आयूषा श्रेष्ठ | प्रवीण बहादुर श्रेष्ठ | प्रबन्धक | 3.85 |
| ४ | सुप्रिया पौडेल | नगेन्द्र प्रसाद पौडेल | बरिष्ठ प्रबन्धक | 3.85 |
| ५ | इशानी बुढा | पबित्रा कुमारी थापा | सहायक प्रबन्धक(कानून) | 3.85 |
| ६ | सदिक्षा खत्री | सितलबाबु खत्री | सहायक प्रबन्धक | 3.65 |
| ७ | उत्साह थापा | धनमाया खड्का थापा | प्रमुख सहायक | 3.05 |

**(ख) छात्र तर्फ**

| सि.नं. | विद्यार्थीको नामथर | कर्मचारीको नामथर | पद | GPA |
|---|---|---|---|---|
| १ | प्रजितमान धौभडेल | शैलेश धौभडेल | प्रमुख सहायक | 3.95 |
| २ | रोहित रेग्मी | बिष्णु प्रसाद रेग्मी | प्रमुख सहायक | 3.95 |
| ३ | सौरभ मरासिनी | कृष्ण प्रसाद शर्मा | प्रबन्धक | 3.85 |
| ४ | अम्युन घिमिरे | संगिता लूईटेल | प्रमुख सहायक | 3.85 |
| ५ | मनोज्ञ श्रेष्ठ | महेश श्रेष्ठ | सहायक प्रबन्धक | 3.55 |

# "सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष"

**कर्मचारी सञ्चय कोष स्थापनाको ५९ औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव प्रतिवद्ध रहने संकल्प सहित कोषका सेवा र सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**क) संख्यात्मक विवरण:**

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | करिव ६.२८ लाख | करिव २५ हजार |
| निवृत्तभरण कोष | करिव १४.४ हजार | करिव ५ सय |

**ख) कोषका कार्यालयहरु:**

- केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर
- ठमेल कार्यालय: त्रिदेवी मार्ग, ठमेल
- शाखा कार्यालयहरू: विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- सेवा केन्द्रहरू: धनकुटा, सिंहदरवार र पुल्चोक

**ग) आर्थिक वर्ष २०७६/७७ को वित्तीय अवस्था:**

| | | | |
|---|---|---|---|
| सञ्चय कोष | रू ३५०.६० अर्ब | निवृत्तभरण कोष | रू ०.४७ अर्ब |
| जगेडा कोष तथा बचत | रू ३०.७५ अर्ब | दायित्वहरू | रू ५.३३ अर्ब |
| कूल स्रोत | रू ३८७.१५ अर्ब | कूल लगानी | रू ३८२.५४ अर्ब |

**घ) सञ्चयकर्तालाई उपलब्ध सेवाहरु:**

**सामाजिक सुरक्षा सुविधाहरु:**

- **सञ्चयकर्ता स्वास्थ्योपचार योजना:** सञ्चयकर्तालाई साधारण रोग लागी उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रु १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रू. १० लाखसम्म रकम सोधभर्ना प्रदान गरिने ।

- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु:** सुत्केरी तथा शिशु हेरचाह कार्यक्रमः प्रति प्रसुति रु ७,५००, दूर्घटना क्षतिपूर्ति योजनाः निज वा निजको हकवालालाई रू. २ लाख, काजक्रिया अनुदानः हकवालालाई आर्थिक अनुदान स्वरूप रु ४० हजार प्रदान गरिने ।

- **ब्याज तथा मुनाफा:**
  सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याजदरः ७ प्रतिशत, सञ्चय कोषमा मुनाफाः १.१५ प्रतिशत (आ.व. २०७५/७६)

- **सापटी सुविधा:**

| विवरण | विशेष सापटी | घरसापटी | शैक्षिक सापटी | सरलचक्र कर्जा | घर मर्मत सापटी |
|---|---|---|---|---|---|
| सापटी सीमा | सञ्चयकोष रकमको ८० प्रतिशतसम्म | अधिकतम रू १ करोडसम्म | रू १० लाख देखि रू २५ लाखसम्म | अधिकतम रू ३० लाखसम्म | अधिकतम रू. २५ लाखसम्म |
| ब्याजदर | ८.२५ प्रतिशत | रू ४० लाखसम्म ८.५० प्रतिशत र ४० लाखमाथि ८.७५ प्रतिशत | ८.५० प्रतिशत | ९.०० प्रतिशत | ८.५० प्रतिशत |

- **कोभिड-१९ को कारण सञ्चयकर्ता कर्जाको ब्याज छुट:**

आ.व. २०७६/७७ मा १५,९०३ सञ्चयकर्तालाई रू ८ करोड ४३ लाख

**कोषको भावी योजना र प्रतिवद्धता:**

१. एकीकृत अवकाश कोषको माध्यमबाट कोषलाई सार्वजनिक क्षेत्रको उत्कृष्ट सामाजिक सुरक्षा प्रदायक संस्थाको रूपमा विकास गर्ने ।
२. सञ्चयकर्ताको हित र फाइदालाई प्रतिफलमुखी बनाउन वित्तीय स्रोको सुरक्षित, प्रकावकारी, प्रतिफलयुक्त र दक्षतापूर्वक परिचालन गर्न उपयुक्त लगानीका क्षेत्र पहिचान गरी लगानी विविधीकरण गर्दै लैजाने ।
३. सञ्चयकर्ता सेवा प्रवाहलाई उच्च गुणस्तरीय, प्रभावकारी र प्रविधिमैत्री बनाई सेवग्राहिको सन्तुष्टि अभिवृद्धि गर्न प्रविधिमैत्री सेवा प्रवाहको वातावरण तयार गर्ने ।
४. सूचना प्रविधिको अधिकतम उपयोग, असल कार्यसंकृतिको विकास, कार्यसम्पादन सुधार एवं अन्य निकायसँगको सहकार्यको माध्यमबाट कोषको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
५. कोषको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाई आर्थिक अनुशासन, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने ।
६. संस्थागत सुशासनलाई जोड दिने ।

सम्पादन तथा प्रकाशन :

**योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर ।**

website : www.epfnepal.com.np, email: planning@epfnepal.com.np

विशेष धन्यवाद : राजेन्द्र विक्रम के सी